# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३८ | काठमाडौं | बिहीबार, १७ जेठ २०८१ | Prabhab National Daily | Thursday, May 30, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# भ्रष्ट कर्मले विकल–सुनिल जेलमा

- सुनिलपछि विकल पौडेल पनि जेल चलान
- पदमा रहँदा विकल र सुनिलको भ्रष्टाचार साम्राज्य विदेशसम्मै
- विकलको ६२ करोड १९ लाख रूपैयाँ र सुनिलको २३ करोड ७५ लाख रूपैयाँ गैरकानुनी सम्पत्ति


सुनिल पौडेल


विकल पौडेल

■ जेबी योञ्जन

**काठमाडौं–** अस्थिर राजनीतिको फाइदा उठाउँदै भ्रष्टाचारको साम्राज्य फैलाएका नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुनिल पौडेलपछि सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल पनि थुनामा पुगेका छन् । पदको दुरूपयोग गर्दै सूचना प्रविधिसँग जोडिएका विभिन्न कम्पनीसँग ठेक्काको क्रममा घूस माग्नेदेखि अन्य भ्रष्टाचारजन्य कार्य गरेको देखिएपछि थप अनुसन्धान गर्नुपर्ने भएका कारण विशेष अदालतले उनीहरूलाई थुनामा पठाएको हो ।

सुनिललाई अदालतका न्यायाधीशहरू खुसीप्रसाद थारू, तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले थुनामा राखी मुद्दाको प्रक्रिया अघि बढाउन बुधबार आदेश दिएको हो । अदालतको आदेशपछि विकल डिल्लीबजार कारागार चलान भएका छन् । उनी गत १० माघ २०८० मा पक्राउ परेका थिए । उनलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हिरासतमा लिएको थियो ।

विशेष अदालतबाट उनी सुरक्षण मुद्रण केन्द्रको भ्रष्टाचार र झूठो विवरण बुझाएर नियुक्ति लिएको छुट्टा–छुट्टै दुई भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका छन् । उनीविरुद्ध अझै दुईवटा छुट्टा–छुट्टै मुद्दा विचाराधीन छ । सुनिल भने गत १२ वैशाखमै डिल्लीबजार कारागार चलान भइसकेका छन् । न्यायाधीश तेजनारायणसिंह राई, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले गैरकानुनी सम्पत्ति आर्जनमा उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

उनीविरुद्ध अख्तियारले ९ वैशाखमा गैरकानुनी सम्पत्ति आर्जनको मुद्दा दायर गरेको थियो । सरकारी सेवामा रहेको अवधिमा उनले आर्जन गरेको सम्पत्तिमध्ये २३ करोड ७५ लाखको स्रोत नखुलेको अख्तियारको दाबी थियो । नेसनल पेमेन्ट गेटवेको प्रणाली खरिदमा पनि विशेष अदालतले दोषी ठहर गरेको थियो ।

पौडेलद्वय दाजुभाइ हुन् । भ्रष्टाचारजन्य कसूरमा दुवैको संलग्नता देखिएको छ । थप अनुसन्धान गर्नुपर्ने भएपछि उनीहरूलाई एकपछि गरी विशेष अदालतले थुनामा पठाएको अदालतका प्रवक्ता धनबहादुर कार्कीले बताए ।

अख्तियारले पछिल्लो पाँच वर्षमा पौडेलद्वयले सूचना प्रविधि क्षेत्रबाट एक अर्ब रूपैयाँ घूस संकलन गरेको दाबी गरेको छ । जुन भ्रष्टाचारबापत संकलन भएको जनाएको छ । सोहीअनुसार अख्तियारले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदबाट बर्खास्तीमा परेका विकलमाथि ६२ करोड १९ लाख रूपैयाँ गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको अभियोग छ । सुनिलमाथि भने २३ करोड ७५ लाख रूपैयाँ गैरकानुनी रूपमा जोडेको अख्तियारको दाबी छ ।

विकलले मुद्रण केन्द्रका विभिन्न ठेक्कापट्टामा भ्रष्टाचार गरेको र सिंगापुर र अमेरिकामा घूससमेत बुझेको अख्तियारले विशेष अदालतमा दायर गरेको आरोपपत्रमा उल्लेख छ । अख्तियार प्रवक्ता नरहरि घिमिरेका अनुसार इन्स्टासेफ कम्पनीले सिंगापुरस्थित युनाइटेड बैंकमा रहेको विकलको खातामा चार करोड ५१ लाख रूपैयाँ कमिसन दिएको देखिएको बताएका छन् । बैंकोटडकले पनि उनलाई १० करोड ७७ लाख कमिसन दिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# देउवाको दैलोमा प्रधानमन्त्रीदेखि माधवसम्म

■ प्रभाव संवाददाता



- पछिल्लो समय दाहाल, देउवा र ओली एकैसाथ छलफलमा जुट्न सकेका छैनन्
- यही बेला प्रधानमन्त्री दाहाल र एकीकृत समाजवादीका अध्यक्ष नेपाल भने नेकपाकालको झल्को दिनेगरी देउवाको दैलो पुगेका छन्
- मधेस प्रदेशमा जसपाको सरकार जोगाउन उपेन्द्र यादवलाई लिएर नेपाल देउवानिवास पुगेको स्रोतको दाबी

**काठमाडौं–** नेकपाकालमा केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि पार्टी छाडेरै पुष्पकमल दाहाल र माधवकुमार नेपाल कांग्रेस सभापति शेरबहादुर देउवाको दैलो धाएका थिए । यही झल्को दिनेगरी प्रधानमन्त्री दाहाल र माधवकुमार नेपाल पुनः देउवाको दैलोमा धाउन थालेका छन् ।

सदनमा बजेट ल्याउन मुस्किल हुने देखिएपछि जेठ १३ गते बिहानै प्रधानमन्त्री दाहाल देउवानिवास बूढानीलकण्ठ पुगेका थिए । दाहाल–देउवाबीच ४० मिनेट कुराकानी भएको थियो । भेटमा के कुराकानी भयो ? यो विषय अहिले नै पटाक्षेप भएको छैन । यद्यपि एमाले अध्यक्ष ओली भने यो भेटपछि तीन शीर्ष नेताको बैठकबाट भाग्न थालेका छन् ।

यसअघि सहकारीको रकम अपचलनको विषयमा छानबिन गर्न गठन गरिने संसदीय समितिको कार्यदेश (टिओआर) शीर्ष तीन नेताले टुंग्याउने भनिएको थियो । यद्यपि तीन नेताबीच यसबारे कुनै बैठक हुन सकेन । 'एमाले अध्यक्ष ओली देउवा र दाहालको एक्लाएक्लै भेटबाट सशंकित भएको देखिन्छ,' नेपाली कांग्रेसका एक नेताले भने, 'त्यसयता तीन शीर्ष नेताको भेट हुन सकेको छैन ।'

शीर्ष नेता नबसी टिओआर टुंग्याइयो । सहकारीको रकम अपचलनको विषयमा संसदीय छानबिन विशेष समिति बन्यो । आगामी आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत भइसकेको छ । योसँगै सेलाएको राजनीति सत्तामै रहेका एकीकृत समाजवादीका अध्यक्ष नेपाल बुधबार देउवानिवास पुगेसँगै पुनः तरंगित भएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरसहितको छलफलमा नेपाल पनि मिसिन पुगेपछि राजनीतिमा नयाँ तरंग छाएको हो ।

बैठकमा एकीकृत समाजवादीका अध्यक्ष नेपालले सरकारमा आफूहरूलाई कुनै स्थान नदिइएको र अध्यादेश ल्याएर पार्टी फुटाउन सक्ने डर अझै रहेको गुनासो गरेको स्रोतले बताएको छ ।

**मधेसको नेतृत्व जोगाउने प्रयासमा उपेन्द्र**

बूढानीलकण्ठमा नेताहरूबीच मधेस सरकार टिकाउने विषयमासमेत छलफल भएको नेताहरूले बताएका छन् । मधेसमा अहिले जसपका सरोज यादव मुख्यमन्त्री छन् । केन्द्रमा सत्ता गठबन्धन फेरिएसँगै नेकपा एमाले र माओवादी केन्द्रले ३० वैशाखमा मुख्यमन्त्री सरोजकुमार यादवलाई दिएको समर्थन फिर्ता लिएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## गण्डकीमा पाण्डे दोस्रोपटक मुख्यमन्त्री



**काठमाडौं (प्रस)–** गण्डकी प्रदेशमा नेपाली कांग्रेसका नेता सुरेन्द्रराज पाण्डे दोस्रोपटक मुख्यमन्त्री बनेका छन् । बुधबार मुख्यमन्त्री नियुक्त भएका पाण्डेले पद तथा गोपनीयताको शपथसमेत लिएका छन् । उनले कांग्रेसबाट अर्थमन्त्रीमा टकराज गुरुङ र सामाजिक विकासमन्त्रीमा विन्दुकुमार थापालाई नियुक्त गरेर मन्त्रीमण्डल बिस्तार गरेका छन् ।

नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा पाण्डेलाई गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टले मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । यसअघिका मुख्यमन्त्री खगराज अधिकारीले लिएको विश्वास मत असंवैधानिक भन्दै सोमबार सर्वोच्चले बदर गरिदिएपछि पाण्डे मुख्यमन्त्री बनेका हुन् ।


(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## श्रममन्त्री र जापानी राजदूतबीच भेटवार्ता

# द्विपक्षीय श्रम सम्बन्धमा थप सहजीकरण गरिने

■ प्रभाव संवाददाता



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले नेपाली युवाका लागि वैदेशिक रोजगारी बाध्यता भए पनि जापानलाई धेरैले आकर्षक र सुरक्षित गन्तव्यको रूपमा लिएको बताएका छन् । नेपालका लागि जापानी राजदूत किकुता युताकासँग बुधबार मन्त्रालयमा भएको भेटवार्तामा मन्त्री अर्यालले उक्त कुरा बताएका हुन् ।

भेटवार्ताका क्रममा द्विपक्षीय श्रम सम्बन्धका विविध आयामका बारेमा छलफल भएको मन्त्रालयले जानकारी दिएको छ । मन्त्री अर्यालले विगतमा दुई देशबीच नेपालबाट श्रमिक पठाउने सम्बन्धमा भएका सम्झौताहरूको कार्यान्वयनका लागि कार्यविधि बनाउने काम भइरहेको राजदूत किकुतालाई जानकारी दिए । त्यस्तै, नेपाली श्रमिकलाई ठगिनबाट जोगाउन न्यूनतम सेवा शुल्कमा डिजिटल प्रविधिको प्रयोग गरी जापानी दूतावासकोसमेत समन्वयमा छिटो छरितो माध्यमबाट नेपाली कामदार जापान पठाउने सम्बन्धमा नेपाल सरकार सचेत रहेको मन्त्री अर्यालले बताएको उनको सचिवालयले जनाएको छ । निश्चित भाषा, सीप सिकेर मौसमअनुकूल काम गर्ने सुरक्षित वातावरण भएका जापानजस्ता मुलुकमा नेपालीहरू रोजगारीका लागि जाउन् भन्ने सरकारको मनसाय रहेको उनले प्रस्ट पारे ।

मन्त्री अर्यालले नेपाली युवाहरूलाई वैदेशिक रोजगारीको अलावा आन्तरिक रोजगारीको उपयुक्त वातावरण सिर्जना गरी नेपालमा नै अवसर उपलब्ध गराउने कार्यमा सरकारको प्राथमिकता रहेको बताए । स्वदेशमा नै बसेर काम गर्न सक्ने अवस्था बनाउन रोजगारदाता र रोजगारीको खोजी गरीरहेका नेपालीबीच मध्यस्थताको काम गर्नेगरी सातै प्रदेशमा रोजगार मेला आयोजना गर्न लागिएको पनि राजदूत किकुतालाई जानकारी दिए ।

मन्त्री अर्यालसँगको भेटमा राजदूत किकुताले नेपाल–जापान श्रम सम्बन्धका विविध विषयमा खुला छलफल गर्न पाएकोमा खुसी व्यक्त गरे । उनले नेपालीहरूलाई रोजगारी उपलब्ध गराउने सम्बन्धमा थप सहजीकरण गर्न जापानी दूतावास तयार रहेको बताए ।

वैदेशिक रोजगारीका अवसरहरू अल्पकालका लागिमात्रै उपयुक्त विकल्प भएको बताउँदै राजदूत किकुताले दीर्घकालमा नेपाली युवाहरूलाई नेपालमा नै रोजगारीका अवसरहरू उपलब्ध हुन सकेमा नेपालको आर्थिक विकासमा ठूलो टेवा पुग्ने धारणा राखे । जापानले नेपालीहरूलाई रोजगारीमात्र दिने नभई जापानबाट फर्किएकाहरूलाई नेपालमा नै रोजगारी एवं उद्यमशीलता प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरेको जानकारीसमेत दिए ।

## आजबाट सुरू हुँदै श्रमाधान रोजगार मेला

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आजदेखि श्रमाधान रोजगार मेला आयोजना गर्दै छ । कोशी प्रदेशको विराटनगरबाट आरम्भ हुने यस मेलाको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहालले गर्ने मन्त्रालयले जनाएको छ ।

स्वदेशमै रोजगारीको वातावरण निर्माण गर्ने योजनाका साथ रोजगार मेलाको आयोजना गरिएको मन्त्रालयले जनाएको छ । रोजगार मेलाको मुख्य उद्देश्य रोजगारी सिर्जनाका लागि सरकारी र निजी क्षेत्रबीचको साझेदारीलाई प्रवर्द्धन गर्नु रहेको बताइएको छ । यद्यपि मेलाबाट आन्तरिक रोजगारीमात्र नभएर वैदेशिक रोजगारसम्बन्धी पनि जानकारी लिन सकिने मन्त्रालयका सचिव घनश्याम उपाध्यायले बताए । 'मेलाले रोजगारदाता र रोजगारी खोज्नेबीच दूरी घटाउने काम गर्छ,' उनले भने, 'यसबाट रोजगारीको खोजी गरिरहेका व्यक्ति, रोजगारदाता, तालिम प्रदायक संस्था तथा वैदेशिक रोजगारीका विषयमा आवश्यक जानकारी र अवसर प्राप्त हुने छ ।'

मेलामा श्रम मन्त्रालय र मातहतका सबै निकाय एवं विभिन्न तालिम प्रदायक संस्थाहरूको उपस्थिति रहने छ । त्यसैगरी सामी परियोजना, रेमी योजना, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ, होटल संघ नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतको मेलामा स्टल रहने जानकारी दिइएको छ ।

मुलुकको सातवटै प्रदेशमा चल्ने मेला प्रत्येक प्रदेशमा दुई/दुई दिन सञ्चालन हुने छ । कोशी प्रदेशको विराटनगरमा आज र भोलि, मधेस प्रदेशको जनकपुरमा जेठ १९ र २० गते, गण्डकी प्रदेशको पोखरामा २१ र २२ गते, लुम्बिनी प्रदेशको बुटवलमा २३ र २४ गते, कर्णाली प्रदेशको सुर्खेतमा २५ र २६ गते, सुदूरपश्चिम प्रदेशको धनगढीमा २७ र २८ गते तथा बागमतीको ललितपुरमा जेठ २९ र ३० गते मेला सञ्चालन हुने छ ।

## कान्तिपुरका अध्यक्ष

# सिरोहिया हाजिरी जमानीमा रिहा

## प्रेसजगतले देखाएको ऐक्यबद्धताप्रति आभार व्यक्त

■ प्रभाव संवादादता



**काठमाडौं–** कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया नौ दिनपछि हिरासतमुक्त भएका छन् । नागरिकतासम्बन्धी मुद्दामा अनुसन्धानमा रहेका सिरोहियालाई बुधबार हाजिरी जमानीमा रिहा गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता रञ्जन अवाले सरकारी वकिल कार्यालय धनुषाको स्वीकृतिपछि सिरोहियालाई हाजिरी जमानतमा छोडिएको जानकारी दिए । 'मुलुकी अपराध संहिताको प्रावधानअनुसार उहाँलाई थप अनुसन्धानका लागि हिरासतमा राखिरहन नपर्ने भनी जिल्ला सरकारी वकिल, कार्यालय धनुषाले गरेको निर्णयका आधारमा हामीले हाजिरी जमानतमा छाड्न ललितपुर प्रहरीलाई गरेको सिफारिसपछि उहाँलाई छोडिएको छ,' प्रवक्ता अवाले भने ।

स्वास्थ्य समस्याका कारण उपचारका लागि काठमाडौं पठाइएका सिरोहियालाई जिल्ला प्रहरी कार्यालय ललितपुरमा बोलाएको बेला हाजिर हुने कागज गरेर जमानतमा छोडिएको उनले बताए । सिरोहियालाई नागरिकतासम्बन्धी मुद्दामा अनुसन्धानका लागि जिल्ला अदालत धनुषाको आदेशमा गत जेठ ८ गते प्रहरी पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

**आरोप प्रमाणित गर्न चुनौती**

हिरासतमुक्त भएसँगै अध्यक्ष सिरोहियाले आफूमाथि लागेको आरोप निराधार रहेको दाबी गरे । उनले आफूविरुद्ध हल्ला फैलाउनेहरूलाई आफ्नो दाबी प्रमाणित गर्न सार्वजनिक चुनौतीसमेत दिएका छन् ।

'मलाई जसरी पनि पक्राउ गर्ने, कान्तिपुरको पत्रकारितालाई दुर्बल बनाउने र अरू सञ्चारमाध्यमलाई पनि तर्साउने दुष्प्रयासले यो हर्कत भएको थियो भन्नेमा अब कुनै शंका रहेन,' रिहा भएपछि सिरोहियाले बुधबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै भने । प्रशासनकै त्रुटि भए पनि आफूलाई प्रतिशोधको नियतले पक्राउ गरिएको उनको भनाइ छ ।

'बजारमा अनेकथरी हल्ला गरिए पनि मविरुद्ध मूलतः दुई आरोप लगाइएका थिए । अरू कोही व्यक्तिको नागरिकता र मेरो नागरिकताको नम्बर मिलेको विषयमा जिल्ला प्रशासन कार्यालयको आफ्नै संयन्त्रभित्र अध्ययन गर्नुपर्नेमा सेवाग्राही नागरिकलाई पक्राउ गर्नु आफैंमा गैरजिम्मेवार हर्कत थियो भन्ने प्रस्ट छ,' उनले विज्ञप्तिमा भनेका छन्, 'अझ, नागरिकतामा नम्बर मिलेको विषय प्रशासनिक त्रुटि भएकाले नागरिकमाथि कारबाही गर्न नपर्ने भनेर जिल्ला प्रशासन कार्यालयले दिएको लिखित रायलाई समेत दबाएर प्रहरीबाट मलाई पक्राउ गरिएको थियो ।'

सिरोहियाले थप अनुसन्धानमा सहयोग गर्न आफू तयार रहेको प्रस्ट पारे । 'प्रहरी प्रशासनले आधारभूत अनुसन्धान पनि नगरी मलाई पक्राउ गरी नौ दिनसम्म हिरासतमा राखिएकामा यो योजनामा संलग्न सबैलाई जवाफदेही बनाउन कानुनी उपचारको बाटो खोज्ने जानकारी गराउन चाहन्छु,' उनले भने, 'त्यस्तै म गैरनेपाली रहेको, मसँग दुई/तीन थरी नागरिकता रहेको र मेरो नागरिकतामा हस्ताक्षर र मितिसमेत नरहेको जस्ता हल्ला फैलाउनेहरूलाई आफ्नो दाबी प्रमाणित गर्न सार्वजनिक चुनौती दिन चाहन्छु ।'

उनले नेपाली प्रेसजगतले देखाएको ऐक्यबद्धताप्रति आभार व्यक्त गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# ऐन कार्यान्वयन मापन गर्दै संसदीय समिति

**काठमाडौं (प्रस)**– राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले ऐनकानुन मापनका सन्दर्भमा बालबालिकाको सम्मानजनक सहभागिताको विषयमा भएको व्यवस्था र कार्यान्वयनको अवस्थाबारे अध्ययन अघि बढाउने निर्णय गरेको छ।

बालबालिकासम्बन्धी ऐन मौलिक हकसँग गाँसिएकाले उनीहरूको सम्मानजनक सहभागिताका सम्बन्धमा ऐनमा भएको प्रावधान र कार्यान्वयनको अवस्थाबारे अध्ययन गर्न लागिएको समितिकी सभापति जयन्ती राईले बताइन्। समितिका सदस्य डा. बेदुराम भुसालले बनेका कानुनबाट नागरिकमा सकारात्मक वा नकारात्मक केकस्तो असर परेको छ भन्नेबारे समीक्षा र विश्लेषण गर्ने अधिकार समितिको क्षेत्रभित्र रहेको बताए । विभिन्न समयमा विभिन्न किसिमका कानुन कार्यान्वयनको समीक्षा समितिले गर्दै आएको बताउँदै उनले यसको सुरु विधायन व्यवस्थापन समितिले गरेको जानकारी दिए।

मापन (अडिट) गरिएका कानुन अध्ययनको नतिजाका आधारमा सरकारलाई सुझाव दिने कानुनी व्यवस्था छ । सुझाव प्रतिवेदनका आधारमा सरकारले काम नगरेको पनि समितिले निरीक्षण तथा मूल्यांकन गर्ने छ । बालबालिकासम्बन्धी ऐनको अवस्था मापनलाई अघि बढाइने समितिले निर्णय गरेको समितिका सदस्य भुसालले जानकारी दिए। उनका अनुसार ऐन अध्ययन गर्न एउटा पद्धति निर्माण गरी मस्यौदा तयार पारेर त्यसका आधारमा काम अघि बढाउने सहमति बैठकमा भएको छ। यसअघि समितिले सामाजिक व्यवहार सुधारसम्बन्धी ऐन, संक्रमण रोगसम्बन्धी ऐन, खरिदसम्बन्धी ऐन, भूमिसम्बन्धी ऐन, खाद्य अधिकार र खाद्य सम्प्रभुतासम्बन्धी ऐनका केही दफामा मापनका विषयमा छलफल गरेको थियो।

पृष्ठ १ बाट क्रमशः

### देउवाको दैलोमा ...

यो बीचमा उपेन्द्र यादवको पार्टी दुई टुक्रा भयो भने उनी सरकारबाट बाहिरिसकेका छन्। मुख्यमन्त्री यादवले आउँदो २३ गते विश्वासको मत लिने तयारी गरेका छन्। यसै विषयमा बुधबार भेट केन्द्रित भएको नेताहरूले बताएका छन् । कांग्रेस सभापतिका स्वकीय सचिव भानु देउवाले पनि यस विषयको पुष्टि गरे । 'मधेस सरकार गठनमा कसरी जाने भन्ने विषयमा छलफल भयो। अरू समसामयिक विषयमा पनि छलफल भयो,' देउवाले भने।

मधेसमा १०७ सिटमध्ये एमालेको २३, कांग्रेसको २२, जसपा नेपालको १६, जनमत पार्टीको १३ सिट रहेको छ। त्यस्तै लोसपाको नौ सिट, माओवादी केन्द्रको सात सिट र एकीकृत समाजवादीको सात सिट रहेको छ । राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा), नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले एक-एक सिट पाएका छन्। मधेसमा छ जना स्वतन्त्र उम्मेदवारले जितेका छन्।

यहाँ कांग्रेसका २२, जसपा नेपालका १६, लोसपाका नौ र एकीकृत समाजवादीका सात गरी ५४ पुऱ्याएर गठबन्धनको अर्को सरकार बनाउने प्रयासमा उपेन्द्र लागेको देखिन्छ। बैठकपछि उपेन्द्रले मधेस सरकार जोगाउन प्रतिपक्षमा रहेका दलहरू एक ठाउँमा उभिने बताए । यादवले राष्ट्रिय राजनीतिमा पनि अब एकीकृत समाजवादीसहित प्रतिपक्ष दलहरू एकजुट भएर अघि बढ्ने छनक दिए ।

### गण्डकीमा पाण्डे...

सर्वोच्चले पाण्डेलाई मुख्यमन्त्रीमा नियुक्त गर्न ४८ घण्टे अल्टिमेटमसमेत दिएको थियो । २०८० वैशाख १४ मा मुख्यमन्त्री बनेका पाण्डेले केन्द्रमा सत्ता गठबन्धन फेरबदल भएसँगै गते चैत २१ गते राजीनामा दिएका थिए ।

उनको राजीनामा चैत २५ गते स्वीकृत भएको थियो। लगत्तै एमालेका अधिकारी मुख्यमन्त्री बनेका थिए । अधिकारीले वैशाख २३ गते विश्वासको मत लिएका थिए । अधिकारीले सभामुख कृष्णप्रसाद दाहालसहितको ३० मत लिएर विश्वासको मत पाएको घोषणा गरिएको थियो । सभामुख दाहालको उक्त घोषणा असंवैधानिक ठहर भएको छ। सोमबार सर्वोच्चले उक्त निर्णयलाई सच्याएको हो। ६१ सदस्यीय प्रदेशसभामा कांग्रेस २७ सिटसहित पहिलो दल हो । यहाँ एमालेका २२, माओवादी केन्द्रका सात, राप्रपाकाका दुई, एकीकृत समाजवादी पार्टीका दीपक मनाङे र डा. बाबुराम भट्टराईको दल नेपाल समाजवादी पार्टी (नेसपा)का एक सांसद छन् । मुख्यमन्त्री नियुक्त भएसँगै पाण्डेलाई सरकारको आयुको चिन्ता भने थपिएको छ। किनभने उनले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ। राप्रपा, नेसपा र एकीकृत समाजवादीले साथ दिएमात्र पाण्डेको सरकार जोगिने अवस्था छ।

### भ्रष्ट कर्मले विकल...

यस्तैयस्तै रकम राखेको विदेशस्थित खातामा २८ करोड ४५ लाख रूपैयाँ रहेको अख्तियार प्रवक्ता घिमिरे बताउँछन् । यसबाहेक वर्ल्ड डिस्ट्रिब्युसन नेपाललगायत कम्पनीबाट पनि उनले कमिसन लिएका थिए । अख्तियारले सुरुमा करिब दुई अर्ब ९५ करोड रूपैयाँको सामान आपूर्ति गर्दा मूल्य अस्वाभाविक रूपमा बढाएको र मिलेमतो गरेको पनि जनाएको थियो।

विकलकै हकमा अख्तियारले एक महिलाका लागि एक करोड तीन लाख रूपैयाँ खर्च गरेको भन्दै अख्तियारले प्रश्न गरेको हो। जबकि बिहेमा भने तीन लाख रूपैयाँ खर्च गरेको उनले दाबी गरेका थिए । यसलाई लिएर अख्तियारले प्रश्न उठाएको हो । उनीमाथि राष्ट्रिय सूचना प्रविधि केन्द्रमा रहँदा नेपाली कम्पनीहरूलाई मिलेमतोमा ठेक्का दिएको, ती कम्पनीहरूले सिंगापुरको कम्पनीहरूसँग ठेक्का लिएको र त्यहाँबाट सुनिलले सिंगापुरमै कमिसन लिएको अख्तियारको दाबी छ।

अख्तियार प्रवक्ता घिमिरेले प्रभावसँग भने, 'राष्ट्रिय सूचना प्रविधि केन्द्रले पछिल्लो पाँच वर्षमा २९ वटा ठेक्कापट्टाको काम गरेको थियो । त्यो बापत तीन अर्ब २९ करोड रूपैयाँ भुक्तानी भएको छ । केन्द्रले ओम्नी बिजनेसन कर्पोरेट इन्टरनेसनल, म्याक्स इन्टरनेसनल प्रालि, वर्ल्ड डिस्ट्रिब्युसन नेपाल प्रालि र नेक्स्ट जेन सोलुसनसँग काम गरेको देखिएको छ ।' यसपछि भने ठेक्का पाएका कम्पनीहरूले सिंगापुरको बैंकोटेक प्रालि र इस्टासेफ इंक नामक कम्पनीसँग सूचना प्रविधिका उपकरण खरिद गरेर रकम सिंगापुरमा भुक्तानी गरेका थिए । ती कम्पनीहरूले सिंगापुरको युनाइटेड ओभरसिज बैंकमा रहेको सुनिलको खातामा १३ करोड ५३ लाख रूपैयाँ जम्मा भएको भेटिएको छ।

अनुसन्धानरत निकाय पौडेलद्वयले ठेक्कापट्टा र कमिसनका लागि धन्दा चलाउँथे। अमेरिकामा रहेका दीपक आनन्द नाम गरेका व्यक्तिसँग उनीहरूले ठेक्कापट्टामा मोलमोलाई गरेको पनि बरामद गरिएका ल्यापटपबाट खुलेको थियो । उसो त केही वर्षदेखि नै सुरक्षण मुद्रण केन्द्र र राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट भएका अधिकांश ठेक्कापट्टालाई लिएर विवाद भएको थियो। जसलाई लिएर अनुसन्धान थालेको अख्तियारले अन्ततः पौडेल दाजुभाइ भ्रष्टाचारजन्य कसूरमा संलग्न रेहको देखिएपछि मुद्दा अघि बढाएको थियो हो । विशेष अदालतबाट दुवैजनाको संलग्नता देखिएको भन्दै अन्ततः कारागार चलानको आदेश भएको हो।

### कान्तिपुरका अध्यक्ष...

'राज्यशक्तिको चरम दुरूपयोगबीच भएको भयानक षड्यन्त्रबीच पनि नेपाली प्रेसजगतले देखाएको ऐतिहासिक ऐक्यबद्धताका सामु म नतमस्तक छु । त्यस्तै नागरिक समाज, कूटनीतिक नियोग, प्रेस र मानवअधिकारसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय संगठन, कानुन व्यवसायी अधिवक्ता तथा वरिष्ठ अधिवक्ताहरूले न्यायको पक्षमा उठाउनुभएको आवाजका लागि आभारी छु,' सिरोहियाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सुदूरपश्चिम प्रदेशसभा

## संसदीय दलका नेताको आधिकारिकतामा विवाद

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेशसभाको बैठकमा नागरिक उन्मुक्ति पार्टी (नाउपा)का प्रदेशसभा सदस्यहरूले आफ्नो पार्टीको संसदीय दलका नेताको आधिकारिताको विषय उठाउँदै बैठक बहिष्कार गरेका छन्।

आजको बैठक प्रारम्भ हुनासाथ आफ्नो स्थानबाट उठेर नाउपाका पाँच सदस्यले विरोध जनाएका थिए। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलेसमेत उक्त विरोधमा साथ दिएको थियो। सभामुख भीमबहादुर भण्डारीले समय दिएपछि बोलेका नागरिक उन्मुक्ति पार्टीका लक्ष्मणकिशोर चौधरीले संसद्मा पार्टीका बहुमत सदस्यले छनोट गरेको संसदीय दलको नेतामा घनश्याम चौधरी रहेको र दलका नेताबाट पार्टीका नाममा प्रदेश सरकारमा मन्त्री भएकालाई फिर्ता हुन पठाइएको पत्र कार्यान्वयन नगरिएकामा विरोध गरे। त्यसपछि प्रतिपक्षी नाउपा र नेपाली कांग्रेसका प्रदेशसभा सदस्यहरू नाराबाजी गर्दै बैठक कक्षबाट बाहिरिएका थिए।

नाउपाभित्रको आन्तरिक किचलो अझै साम्य हुन सकेको छैन। पार्टीकी अध्यक्ष रञ्जिता चौधरी श्रेष्ठ पक्षधर प्रदेशसभा सदस्य कैलाश चौधरी र टीका थापा प्रदेश सरकारमा मन्त्री छन्। पार्टीका संस्थापक संरक्षक रेशमलाल चौधरी पक्षधर पाँच सदस्य भने विपक्षी बेञ्चमा छन्। प्रदेशसभामा सो पार्टीबाट सात जना सदस्य छन्।

प्रतिपक्षी बेञ्चमा राप्रपाका एक सदस्य उपस्थित हुँदा सभामुख भण्डारीले बुधबारको बैठकको बाँकी कारबाही अगाडि बढाए। बैठकमा आर्थिक मामिलामन्त्रीको तर्फबाट मुख्यमन्त्री दीर्घबहादुर सोडारीले सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटसँग सम्बन्धित विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक)माथि छलफल गरियोस् भनी प्रस्ताव पेस गरे। छलफलमा शिवसिंह ओली, सुरेन्द्रबहादुर पाल, धर्मराज पाठक, वीरबहादुर थापा, नरेशकुमार शाहीले भाग लिएका थिए। *रासस*

## इन्द्रकमल बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.–२ लोकन्थली

**सदस्य एवम् ऋणी उपेन्द्र काफ्लेका नामको धितोमा रहेको सम्पत्ति डाँक बढाबढ लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०८१/०२/१७ गते, बिहीबार)

यस संस्थाका सदस्य एवं ऋणी श्री उपेन्द्र काफ्लेले संस्थाबाट लिएको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, विलम्ब शुल्क आदि रकम नतिरी नबुझाई कर्जा लिंदा गरेको लिखत र शर्त बन्देज उल्लङ्घन गरेकोमा संस्थाबाट पटक-पटक लिखित तथा मौखिक सूचना गरी तरताकेता गर्दा संस्थामा उपस्थित भई रकम तिर्ने भनि भाखा मागी निवेदन गरेतापनि सो बमोजिम रकम दाखिला नगरेकाले सहकारी ऐन २०७४ को दफा ७९ तथा सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड (क) अनुसार मिति २०७७/१२/१२ मा नागरिक राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी ३५ (पैंतिस) दिनभित्र संस्थालाई बुझाउनु पर्ने रकम तिर्न बुझाउन वा तिरि बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनि सूचित गर्दा समेत संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज, विलम्ब शुल्क आदि रकम दाखिला नगरेकोले सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड(ख) र (घ) अनुसार ऋणी श्री उपेन्द्र काफ्लेका नाममा रहेको तल उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्री गर्ने सम्वन्धमा यो ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्तानुसार धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा असुलउपर हुननसकेको अवस्थामा सो हदसम्मको रकम कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घरघराना तथा अन्य श्री सम्पत्तिबाट असुलउपर गर्न आवश्यक प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ।

**डाँक बढाबढ लिलाम बिक्री गरिने जग्गाको विवरण** : ऋणी श्री उपेन्द्र काफ्लेको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंमा दर्ता कायम रहेको श्रेस्तानुसार लप्सीफेदीगा.वि.स. वडा नं. २(क) कि.नं. ७ (सात) क्षेत्रफल ०-१४-०-० (चौध आना)/४४५.१५ (चार सय पैंतालिस दशमलव पन्ध्र) वर्ग मीटर र सुनटोल गा.वि.स. वडा नं. ८(ड) कि.नं.१७३ (एक सय त्रिहत्तर) क्षेत्रफल ०-८-०-० (आठ आना)/२५४.३७ (दुई सय चौवन्न दशमलव सैंतिस) वर्गमीटर जग्गाकित्ता-२

ऋणी श्री उपेन्द्र काफ्लेले संस्थामा बुझाउनु पर्ने साँवा, व्याज, विलम्ब शुल्क समेत जम्मा रकम : रु.८३,१२,३५४।- (अक्षेरपि त्रियासी लाख बाह्र हजार तीन सय चौवन्न रूपैया )

**डाँक बढाबढ लिलाम बिक्रीका शर्तहरू :**

१. सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड(च) बमोजिम डाँक बढाबढ लिलाम बिक्री गरिने सम्पत्तिको चलन चल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ शुरु गरिनेछ।
२. डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबैभन्दा बढी कबोल गर्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गरिनेछ।
३. डाँक बढाबढका क्रममा सबैभन्दा बढी कबोल गरी लिलाम बिक्री स्वीकृत गरिएको व्यक्तिले आफूले बोलेको रकमको १०(दश) प्रतिशत रकम नगदै तुरुन्त संस्थामा बुझाउनु पर्नेछ।
४. जग्गा नामसारी रजिष्ट्रेशन गर्दा लाग्ने सम्पूर्ण दस्तुर लिलाम सकार गर्ने व्यक्तिले नै बुझाउनु पर्नेछ।
५. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चित भई जग्गा नामसारी गरी लिन सूचना बुझेको मितिले ७ (सात) दिनभित्र बाँकी रकम बुझाई नामसारी गरी लिनु पर्नेछ। सो अनुसार नभएमा धरौटी वापतराखेको १० (दश) प्रतिशत रकम स्वतः जफतहुनेछ।
६. लिलाम बिक्री हुने जग्गाको कागजात हेर्न चाहनेले संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
७. उल्लेखित धितो सुरक्षण स्वरूप रहेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी नियावली, २०७५ को नियम ३५ बमोजिम उक्त सम्पत्तिको स्वामित्व संस्थाले नै लिन सक्नेछ।
८. बढाबढ लिलाम बिक्री गर्दा सबै भन्दा बढी अङ्कबोल्ने व्यक्तिको डाक स्वीकृत/अस्वीकृत गर्ने अधिकार संस्थामा रहनेछ।
९. यसमा उल्लेखित शर्त वाहेकको हकमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

**डाँक बढाबढ गरिने स्थान, मिति र समय :**

स्थान : भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.-२ लोकन्थली स्थित संस्थाको कार्यालय प्रांगण
मिति : २०८१।०३।२० गते बिहिबार (सो दिन सार्वजनिकविदा पर्न गएमा सोको भोलिपल्ट)
समय : विहान १०:०० बजेदेखि दिनको ४:०० बजे सम्म

## सुनवर्षी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

डाईनिया, मोरङ्ग
कोशी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

२०८१।०२।१७

यस कार्यालयद्वारा मिति २०८१/०१/०४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपशिलमा उल्लेखित न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ठेगना | कामको विवरण | कवोल गरेको रकम (मू. अ.कर र पि. एस. बाहेक) |
|---|---|---|---|---|
| १ | SUNMU/ROAD/080/81-10 | श्री सुनवर्षी निर्माण तथा छुवानी सेवा, सुनवर्षी-०९, मोरङ | Kashidham mandir dekhi paschim ward office hudai main sadak samma sadak starunnati garne karya | 19,53,517.50 /- |
| २ | SUNMU/ROAD/080/81-11 | श्री हिवा निर्माण सेवा, पथरी शनिश्चरे-१०, मोरङ | Amardaha bajar chhetra (sunawarshi-02) sadak starunnati | 21,96,065.00/- |

प्रमुख प्रशासकीय अधिकृत

## बर्दघाट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

**नदिजन्य पदार्थको बिक्रिका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक पटक प्रकाशित मिति : २०८१/०२/१७

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ बमोजिम यस नगरपालिका वडा नं. ९ र १० मा स्टक रहेका नदिजन्य पदार्थ लिलाम बिक्रि गर्ने सम्बन्धि बर्दघाट नगरपालिकाको मिति २०८१/२/१६ गतेको निर्णयअनुसार नदिजन्य पदार्थ बिक्रिका लागि सूचना प्रकाशन गरिएकोले इच्छुक फर्म वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तको अधिनमा रही १५ दिनभित्र सिलबन्दी प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक यो सूचना प्रकाशन गरिएको छ। फर्म वा कम्पनी तथा संस्थाले नविकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/प्यान दर्ता प्रमाणपत्र र आ.व. ०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ।

तपशिल

| क्र.स. | शिलबन्दी दरभाउपत्रको नाम | जम्मा परिमाण घन मि. | न्यूनतम शिलबन्दी रकम रु. (मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | बर्दघाट नगरपालिका वडा नं. ९ स्थित दुर्गा मन्दिर परिसरमा | ५००.०० | ३,००,१७४।९५ | |
| २ | बर्दघाट नगरपालिका वडा नं. १० स्थित ज्ञानज्योती स्कूल संग जोडिएको खाली स्थानमा | ५८२.५० | ३,४९,७०३।८१ | |

**नोट :** नगरसभाबाट नदिजन्य पदार्थको रोयल्टी दर प्रति घनफिट रु. १७ मू.अ.कर वाहेक निर्धारण गरिएको छ। उल्लेखित न्यूनतम सिलबन्दी रकममा १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रिम आयकर लाग्नेछ। १ घनमिटर वरावर ३५.३१४७ घनफुट हुनेछ। ठेक्का सम्बन्धी अन्य शर्तहरु बर्दघाट नगरपालिकाको वेवसाइट bardaghatmun.gov.np मा राखिएको छ।

प्रमुख प्रशासकीय अधिकृत


**Fewa HR Solutions Pvt. Ltd.**

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: ALI MUTHAMI AL-ZUBAIDI GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८२/०२/१६ LT. No. 305600 चलानी नं. ६०२२०२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 23 | 0 | 1000 | ३५,५८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KHAYAL FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/१६ LT. No. 3305580 चलानी नं.६०२२०२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BURGER MAKER | 6 | 0 | 150 | ६५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Green Tara International Overseas Services Pvt. Ltd.**

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ZEAL IT TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति २०८१/०२/१६ LT. No. 305596 चलानी नं. ६०२२०२५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason | 17 | 0 | 1200 | ४३,९८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ELECTRICAL WEILDER | 11 | 0 | 1200 | ४३,९८३ | | | | | | | |
| 3 | Plumber Assistant | 15 | 0 | 1200 | ४३,९८३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

# चन्द्रागिरिमा नि:शुल्क सवारीसाधन परीक्षण शिविर

**काठमाडौं (प्रस)–** चन्द्रागिरि नगरपालिकाले सवारी प्रदूषण नियन्त्रण गर्न कडाइ गर्ने भएको छ । यसका लागि नगरपालिकाले यातायात व्यवस्था विभाग, सवारी परीक्षण कार्यालय टेकुसँग सहकार्य गरी घुम्ती सवारी प्रदूषण परीक्षणलाई उच्च प्राथमिता दिएको छ ।

यस्ता परीक्षणमा ‘फेल’ भएका सवारीसाधनलाई नगर क्षेत्रमा प्रयोग गर्न नदिनेसम्मको सोच नगरपालिकाले बनाएको छ। साथै सवारी परीक्षण कार्यालय, ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा नगरपालिकाले पेट्रोल, ग्यास र डिजेलबाट चल्ने सवारीसाधनमा ‘हरियो स्टिकर’ अनुगमनलाई तीव्रता बनाउने जनाएको छ ।

विश्व स्वास्थ्य संगठनले वायु प्रदूषणलाई विश्वकै प्रमुख वातावरणीय जोखिमका रूपमा लिएको छ । स्टेट अफ ग्लोबल एयर २०२० ले सन् २०१९ मा नेपालमा वायु प्रदूषणका कारण ४२ हजार १०० जनाको अकालमा मृत्यु भएको जनाएको थियो । तीमध्ये काठमाडौंमा मात्र पाँच हजार ८० जना रहेका थिए। कचौरा आकारको काठमाडौं उपत्यकाको द्रुत सहरीकरणले गर्दा वायु प्रदूषणको उच्च जोखिममा रहेको जनाइएको छ। वायु प्रदूषणको प्रमुख कारक तत्त्वमा सवारीसाधनबाट निस्कने धुवाँलाई लिइन्छ ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले बुधबारदेखि सुरु भएको नि:शुल्क सवारीसाधन परीक्षण शिविरको शुभारम्भ गर्दै वायु प्रदूषणको प्रमुख कारक तत्त्वमा सवारीसाधनबाट निस्कने धुवाँलाई नियन्त्रण गर्न नगरपालिकाले उच्च प्राथमिता दिँदै आएको जानकारी दिए । उनले भने, ‘कलंकी नागढुंगा राजमार्गमा आवतजावत गर्ने मालवाहकलगायत अन्य सवारीसाधनबाट निस्केको कालो धुवाँले नगरक्षेत्रमा वायु प्रदूषण बढायो । यसलाई नियन्त्रण गर्न आवश्यक छ । यसमा संघीय सरकारको साथ र सहयोग आवश्यक हुन्छ । हामीले पहिलो चरणमा सवारी प्रदूषण परीक्षणलाई प्राथमिकता दिएका छौं ।’

नगर क्षेत्रमा वातावरण स्वच्छ राख्न आवश्यक विभिन्न कार्यक्रम सञ्चालन भइराखेको र सवारीसाधन परीक्षण शिविरलाई नियमिता दिइने जानकारी दिए । चन्द्रागिरि नगरपालिकाकी उपप्रमुख वसन्ती श्रेष्ठ तथा नगरप्रवक्ता कृष्णप्रसाद खड्गीले सवारीसाधनबाट निस्केको धुवाँलाई नियन्त्रण गर्न सकिएमा मात्र वायु प्रदूषणको असर न्यूनीकरण गर्न सकिने बताए । कार्यक्रममा वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख भद्रा अर्यालले सवारीसाधन परीक्षण शिविरलाई निरन्तरता दिइने जानकारी दिए। नगरपालिकाले गत वर्ष पनि सवारीसाधन परीक्षण शिविरलाई सञ्चालन गरेको थियो ।

सवारी परीक्षण कार्यालय टेकुका वरिष्ठ प्राविधिक योगनारायण मेहताले सवारी परीक्षण कार्यालयले घुम्ती शिविरमार्फत कार्यक्रममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, स्वच्छ हावा कार्यक्रमका प्रमुख भूषण तुलाधारले वायु प्रदूषणको प्रमुख कारक तत्त्वमा रहेको सवारीसाधनबाट निस्केको धुवाँ प्रमुख रहेको जानकारी दिँदै यसलाई नियन्त्रण गर्न सवारी परीक्षणलाई तीव्रता दिनुपर्ने बताए । उनले भने ‘चन्द्रागिरि नगरपालिकाले स्वच्छ हावा कायम गर्न अपनाएको नीति अन्य नगरपालिकाले पनि सिक्न जरुरी हुन्छ ।’

मानव स्वास्थ्यका अवस्थाका बारेमा जाँच गर्न स्वास्थ्य शिविर आयोजना गरिएझैं स्वच्छ हावा कायम गर्न सवारीसाधन परीक्षण शिविर सञ्चालन गर्नुपर्ने उनले सुझाव दिए । अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको आर्थिक एवं प्राविधिक सहयोगमा चन्द्रागिरि नगरपालिमा स्वच्छ हावा परियोजना सञ्चालित छ । परियोजनाको मुख्य ध्येय काठमाडौं उपत्यकाको वायुको गुणस्तरमा सुधार गर्न टेवा पुऱ्याउने रहेको छ ।

# गर्मीले कष्टकर बन्यो नेपालगञ्जको जनजीवन

**नेपालगञ्ज (प्रस)–** नेपालगञ्जमा बुधबार यस वर्षकै सबैभन्दा बढी गर्मी महसुस गरिएको छ । जल तथा मौसम विज्ञान फिल्ड कार्यालय, नेपालगञ्जकी इञ्जार्च मीना शिवाकोटीले नेपालगञ्जको अधिकतम तापक्रम ४२.८ डिग्री सेल्सियस रेकर्ड भएको जानकारी दिइन् । उक्त तापक्रम यो वर्ष गर्मी सुरु भएयताकै सबैभन्दा बढी भएको उनले बताइन् ।

‘केही दिन अझै तापक्रम बढ्नसक्छ तर कति बढ्छ भन्न सकिँदैन,’ उनले भनिन् । जल तथा मौसम विभागले जेठ १८ गतेसम्म गर्मी बढ्ने अनुमान गरेकाले बिहीबार र शुक्रबार तापक्रम झनै वृद्धि हुने पूर्वानुमान छ । गर्मी बढ्न सक्ने भएकाले सचेत रहन सर्वसाधारणलाई विभागले आग्रह गरेको छ । गर्मीका कारण जनजीवन कष्टकर भएको स्थानीयले बताएका छन् । वीरगञ्जबाट कामको सिलसिलामा नेपालगञ्ज आएका सरोज पटेलले वीरगञ्जभन्दा नेपालगञ्जमा धेरै गर्मी महसुस गरेको बताए । ‘ठोस पदार्थ खान मन लाग्दैन, मुख पनि सुक्खा हुन्छ पानी खाँदै हिँडिरहेको छु,’ उनले भने ।

अत्यधिक गर्मीका कारण सबैभन्दा बढी खुला ठाउँमा काम गर्ने मजदुर र रिक्साचालक प्रभावित भएका छन् । चिकित्सकले गर्मीबाट जोगिन बढी पानी पिउन र अति आवश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन आग्रह गरेका छन् । भेरी अस्पताल नेपालगञ्जका चिकित्सक डा. संकेत रिसालले केही दिनयता अस्पतालमा बिरामीको चाप ह्वात्तै बढेको जानकारी दिए । उनले सबैभन्दा बढी छालाका बिरामी आउने गरेको बताए । त्यसबाहेक झाडापखाला, ज्वरो र ‘लू’ का कारण आँखामा संक्रमण भएका बिरामी पनि अस्पतालमा भर्ना भएको उनले बताए । ‘ज्वरोका बिरामीको रिपोर्ट सामान्य नै छ तर अस्पताल भरिभराउ छ,’ उनले भने ।


“आपसी सहयोग, सद्भाव र सामुहिक हितका लागि सहकारी”

**हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Hamro Saving and Credit Co-operative Society Limited**
लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055)

## धितोमा रहेको जग्गाहरू लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८१/०२/१७ बिहीबार)**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणीले धितो राखी लिएको ऋण समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज समेत नबुझाइ ऋण लिंदाका बखत गरिएको शर्त उल्लंघन गर्नु भएको र पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत ऋण चुक्ता नगरेकोले विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो ऋणको बाँकी सम्पूर्ण रकम चुक्ता नगरेको हुँदा कर्जाको साँवा, ब्याज, हर्जना र लिलामी हुने दिनसम्मको हुने ब्याज समेत असुल उपर गर्नका लागी सुरक्षण बापत लेखिदिएको तपशिलमा उल्लेखित अचल सम्पत्ति लिलाम बिक्री गर्नुपर्ने भएकोले यो धितो लिलाम सम्बन्धी ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अविलम्ब यस संस्थामा सम्पर्क राखी उक्त ऋणको सम्पूर्ण बाँकी रकम चुक्ता गरि धितो राखिएको आफ्नो सम्पती संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट सूचित गरिन्छ । उक्त मिति भित्र संस्थामा तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम नबुझाएमा ऋण लिंदाका बखत गरिएको तमसुक बमोजिम सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति एवं प्रचलित कानुन बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा तल उल्लेखित मिति, समय र स्थानमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलको सम्पती जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बोलकबोल मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ऋणिको विवरण | जमानीकर्ताको विवरण | | | धितोको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| नाम : सुनिता तिमल्सिना<br>बाबु/पतिःकेदारनाथ तिमल्सिना/मकुन्द गौतम<br>ससुरा : बद्रीप्रसाद गौतम<br>ठेगाना : लेले-७ ललितपुर<br>हालको ठेगाना : लपुमनपा-२९, ललितपुर<br>ना.प्र.न.: २८-०१-०६९-०२८२१ जि.प्र.का ललितपुर | नाम : सरस्वती गौतम<br>बाबु/पति : भुमिनन्द संजेल/बद्रीप्रसाद गौतम<br>ससुरा : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न. : १२३६ जि.प्र.का ललितपुर | नाम : मुकुन्द गौतम<br>बाबुः बद्रीप्रसाद गौतम<br>बाजे : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.:२८-०१-०६८-०००४८ जि.प्र.का ललितपुर | नाम : बद्रीप्रसाद गौतम<br>बाबुः नन्दप्रसाद गौतम<br>बाजेः लक्ष्मीकान्त गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.:१३७६ जि.प्र.का ललितपुर | सुनिता तिमल्सिनाको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं.६ क कित्ता नं. १६५१,१६५४ क्षेत्रफल ०-१-१-३,०-५-०-१ रहेको जग्गा | मिति २०८१ बैशाख १० गते प्रभाव दैनिकमा प्रकाशित |
| नाम : सरस्वती गौतम<br>बाबु : भुमिनन्द संजेल/बद्रीप्रसाद गौतम<br>ससुरा : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: १२३६ जि.प्र.का ललितपुर | नाम : मुकुन्द गौतम<br>बाबु : बद्रीप्रसाद गौतम<br>बाजे : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: २८-०१-०६८-०००४८ जि.प्र.का ललितपुर | नाम : बद्रीप्रसाद गौतम<br>बाबुः नन्दप्रसाद गौतम<br>बाजेः लक्ष्मीकान्त गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: १३७६ जि.प्र.का ललितपुर | | सरस्वती गौतमको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं.८ क कित्ता नं.४९४ क्षेत्रफल ०-८-०-० रहेको जग्गा तथा लिगलिगापात समेत । | मिति २०८१ बैशाख १० गते प्रभाव दैनिकमा प्रकाशित |
| नाम : मुकुन्द गौतम<br>बाबु : बद्रीप्रसाद गौतम<br>बाजे : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: २८-०१-०६८-०००४८ जि.प्र.का ललितपुर | नाम : सरस्वती गौतम<br>बाबु : भुमिनन्द संजेल/बद्रीप्रसाद गौतम<br>ससुरा : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: १२३६ जि.प्र.का ललितपुर | नाम : बद्रीप्रसाद गौतम<br>बाबुः नन्दप्रसाद गौतम<br>बाजेःलक्ष्मीकान्त गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: १३७६ जि.प्र.का ललितपुर | | सरस्वती गौतमको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं.८ क कित्ता नं.४९४ क्षेत्रफल ०-८-०-० रहेको जग्गा तथा लिगलिगापात समेत । सरस्वती गौतमको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं.५ क कित्ता नं.१००८ क्षेत्रफल ०-३-२-१ | मिति २०८१ बैशाख १० गते प्रभाव दैनिकमा प्रकाशित |
| नाम : बद्रीप्रसाद गौतम<br>बाबुः नन्दप्रसाद गौतम<br>बाजे : लक्ष्मीकान्त गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: १३७६ जि.प्र.का ललितपुर | नाम : सरस्वती गौतम<br>बाबु : भुमिनन्द संजेल/बद्रीप्रसाद गौतम<br>ससुरा : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: १२३६ जि.प्र.का ललितपुर | नाम : मुकुन्द गौतम<br>बाबुः बद्रीप्रसाद गौतम<br>बाजे : नन्दप्रसाद गौतम<br>ठेगाना : बागमती गा.पा १ घुसेल, ललितपुर<br>हालको ठेगाना : लपुमनपा २९, ललितपुर<br>ना.प्र.न.: २८-०१-०६८-०००४८ जि.प्र.का ललितपुर | | सरस्वती गौतमको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं.८ क कित्ता नं.४९४ क्षेत्रफल ०-८-०-० रहेको जग्गा तथा लिगलिगापात समेत । बद्रीप्रसाद गौतमको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं.८ क कित्ता नं.१३२७ क्षेत्रफल ०-२-२-० | मिति २०८१ बैशाख १० गते प्रभाव दैनिकमा प्रकाशित |
| नाम : राजकुमार घिमिरे<br>बाबु : रामप्रसाद घिमिरे<br>बाजे : दुर्गाप्रसाद घिमिरे<br>ठेगानाः कुशादेवी-६, काभ्रे,<br>हालको ठेगाना : कामपा ३२,काठमाडौं<br>ना.प्र.न.: ३०१००७।१६९६७२ जि.प्र.का.काभ्रे | नाम : बालकुमारी घिमिरे<br>पति : रामप्रसाद घिमिरे<br>ससुरा : दुर्गाप्रसाद घिमिरे<br>ठेगानाः कुशादेवी-६, काभ्रे,<br>हालको ठेगाना : कामपा ३२, काठमाडौं<br>ना.प्र.न.: ८१३।८९ जि.प्र.का. काभ्रे | नाम : अजय घिमिरे<br>बाबु : रामप्रसाद घिमिरे<br>बाजे : दुर्गाप्रसाद घिमिरे<br>ठेगानाःकुशादेवी-६,काभ्रे,<br>हालको ठेगानाः कामपा ३२,काठमाडौं<br>ना.प्र.न.: ३०-०१-७१-०३५४७ जि.प्र.का.काभ्रे | | बालकुमारी घिमिरे र अजय घिमिरेको नाउँमा श्रेष्ता कायम रहेको काभ्रे जिल्ला कुशादेवी गाविस वडा नं.६ कित्ता नं.४२६ क्षेत्रफल १०-०-१.२५-० रहेको घरजग्गा तथा लिगलिगापात समेत । | मिति २०८० असार २० गते नयाँ पत्रिका दैनिकमा प्रकाशित |
| नाम : नमराज घिमिरे<br>बाबु : रामप्रसाद घिमिरे<br>बाजे : दुर्गाप्रसाद घिमिरे<br>ठेगानाःकुशादेवी-६,काभ्रे,<br>हालको ठेगानाः कामपा ३२,काठमाडौं<br>ना.प्र.न.:३०-०१-७३-०८५२० जि.प्र.का.काभ्रे | बालकुमारी घिमिरे र अजय घिमिरेको नाउँमा श्रेष्ता कायम रहेको काभ्रे जिल्ला कुशादेवी गाविस वडा नं.६ कित्ता नं.४२६ क्षेत्रफल १०-०-१.२५-० रहेको घरजग्गा तथा लिगलिगापात समेत । | | | बालकुमारी घिमिरे र अजय घिमिरेको नाउँमा श्रेष्ता कायम रहेको काभ्रे जिल्ला कुशादेवी गाविस वडा नं.६ कित्ता नं.४२६ क्षेत्रफल १०-०-१.२५-० रहेको घरजग्गा तथा लिगलिगापात समेत । | मिति २०८० असार २० गते नयाँ पत्रिका दैनिकमा प्रकाशित |

| ऋणिको विवरण | धितोको विवरण | कैफियत |
|---|---|---|
| ऋणीको नाम : दीपकप्रसाद शर्मा घिमिरे<br>बाबु : घननाथ शर्मा घिमिरे<br>बाजे : लिलाम्बर घिमिरे<br>ठेगाना : बागमती गा.पा-२, माल्टा, ललितपुर<br>ना.प्र.न.: ६८४१९ ललितपुर ०५१/०६/११ | धितोको विवरण- दीपकप्रसाद शर्मा घिमिरेको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला माल्टा गा.वि.स. वडा नं.३घ कित्ता नं. १३,१५ क्षेत्रफल २-१०-२-०,५-४-०-० रहेको जग्गा तथा उक्त जग्गाले चर्चेको लिगलिगापात समेत । | मिति २०८१ बैशाख १० गते प्रभाव दैनिकमा प्रकाशित |
| ऋणीको नाम : प्रल्हादप्रसाद तिमल्सिना<br>बाबु : हरिप्रसाद तिमल्सिना<br>बाजे : मणिकान्त तिमल्सिना<br>ठेगाना : बेथानचोक गा.पा-१, ढुंखर्क, काभ्रेपलाञ्चोक<br>हालको ठेगाना : कामनपा-२६, बालाजु, काठमाडौं<br>ना.प्र.न.: ३३५६ काभ्रेपलाञ्चोक | धितोको विवरण- प्रल्हादप्रसाद तिमल्सिनाको नाउँमा श्रेष्ता कायम रहेको काभ्रे जिल्ला ढुंखर्क गा.वि.स. वडा नं.१ कित्ता नं.४१,११०२,११०६,१११९,१११८ र १११९ क्षेत्रफल ०-३-०-०,२-१२-०-०,०-२-१-०,४-३-१-०,०-७-३-० र ०-२-२-० रहेको जग्गा । | मिति २०८१ बैशाख १० गते प्रभाव दैनिकमा प्रकाशित |
| नाम : तिलकुमारी सिजापति<br>पति : लालबहादुर सिजापति<br>ससुरा : जितमान<br>ठेगाना : लेले-५, ललितपुर<br>ना.प्र.न.: ७७८ जि.प्र.का ललितपुर | तिलकुमारी सिजापतिको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला भारदेउ गा.वि.स. वडा नं.२क कित्ता नं.१५४,२८,१५७,१५८ क्षेत्रफल १-१३-३-०,०-७-२-०,०-४-१-०,२-१-२-० रहेको जग्गा तथा लिगलिगापात समेत । | मिति २०८१ बैशाख १० गते प्रभाव दैनिकमा प्रकाशित |
| नाम : अजय घिमिरे<br>बाबु : रामप्रसाद घिमिरे<br>बाजे : दुर्गाप्रसाद घिमिरे<br>ठेगानाःकुशादेवी-६, काभ्रे,<br>हालको ठेगानाः कामपा ३२, काठमाडौं<br>ना.प्र.न.: ३०-०१-७१-०३५४७ जि.प्र.का.काभ्रे | बालकुमारी घिमिरे र अजय घिमिरेको नाउँमा श्रेष्ता कायम रहेको काभ्रे जिल्ला कुशादेवी गाविस वडा नं.६ कित्ता नं.४२६ क्षेत्रफल १०-०-१.२५-० रहेको घरजग्गा तथा लिगलिगापात समेत । | मिति २०८० असार २० गते नयाँ पत्रिका दैनिकमा प्रकाशित |
| ऋणीको नाम : उद्धबप्रसाद दाहाल<br>बाबु : टिकाप्रसाद दाहाल<br>ससुरा : खडानन्द दाहाल<br>ठेगाना : महाँकाल-४,ललितपुर<br>हालको ठेगाना : ललितपुर-२८, ललितपुर<br>ना.प्र.न.: ५०९८० जि.प्र.का.ललितपुर | उद्धबप्रसाद दाहालको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला चन्दनपुर गाविस वडा नं.२च कित्ता नं.८०,७५,७७ क्षेत्रफल १-३-२-२,०-१२-३-२,०-१५-२-० रहेको घरजग्गा तथा लिगलिगापात समेत । | मिति २०८० असार २० गते नयाँ पत्रिका दैनिकमा प्रकाशित |
| ऋणीको नाम : लगुदोर्जे गोले<br>बाबु : धनबहादुर गोले<br>बाजे : लालबहादुर गोले<br>ठेगाना : बागमती-७,ललितपुर<br>हालको ठेगाना : बागमती-७, ललितपुर<br>ना.प्र.न.: ९।४०६।०४४।११।२५ जि.प्र.का. ललितपुर | लगुदोर्जे गोलेको नाउँमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला गिम्दी गाविस वडा नं.९ट कित्ता नं.८ क्षेत्रफल ९-०-२-० रहेको घरजग्गा तथा लिगलिगापात समेत । | मिति २०७९ चैत्र ६ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित |
| नाम : बासुदेव पाण्डे<br>बाबु : इज्जतनाथ पाण्डे<br>बाजे : यदुनाथ पाण्डे<br>ठेगाना : बेलकोटगढी न.पा-१३, नुवाकोट<br>हालको ठेगाना : का.म.न.पा.२६, काठमाडौं<br>ना.प्र.न.: ४४१५१ जि.प्र.का. नुवाकोट | बासुदेव पाण्डेको नाउँमा श्रेष्ता कायम रहेको नुवाकोट जिल्ला मदानपुर गाविस वडा नं.२ कित्ता नं.११२७,११२६,५११,३३३,५१०,११२९ क्षेत्रफल ०-३-०-०,०-१३-१-०,१-१-३-३,५-०-३-१,५-८-०-३,३-८-३-२ रहेको घरजग्गा तथा लिगलिगापात समेत । | मिति २०७९ चैत्र ६ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित |

**धितो लिलामी बोलपत्र सम्बन्धी शर्तहरू :-**

१. प्रस्तुत सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता नभएमा ३६ औं दिनमा बोल कबोल गर्न इच्छुक व्यक्ति वा संस्थाले सरकारी प्रतिनिधीको रोहवरमा कबोल रकम प्रमाणित गरि संस्थाको मुख्य कार्यालयमा अपरान्ह ४ बजे उक्त जायजेथा लिलाम बिक्री गरिने छ । उक्त दिनमा कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट सोहि समय र स्थानम लिलाम बिक्रीको कार्य गरिने छ ।
२. धितो लिलामी बढाबढमा बोलकबोलमा भाग लिने व्यक्तिले कबोल अंकमा १० प्रतिशतले हुने रकम तत्काल नगद धरौटि राख्नु पर्ने छ । धितो लिने गरि स्वीकृत बोल कबोलवालाले सो धितो दा.खा. हुँदा लाग्ने सरकारी दस्तुर स्वयंले व्यहोर्नु पर्नेछ ।
३. अधिकतम अंक कबोल गर्ने व्यक्तिलाई धितो बिक्री गरिने छ । धितो सकार गर्ने व्यक्तिले लिलामी स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रकम नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. संस्थामा सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणीको नाममा रहेको अन्य अचल सम्पत्तिबाट प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।
५. लिलाम बिक्रीमा नेपाली नागरिक वा प्रचलित कानूनले नेपालमा सम्पत्ति खरिद बिक्री गर्न पाउने व्यक्ति वा संस्थाले मात्र भाग लिन पाउनेछ ।
६. धितो लिलाम गरि चल अचल सम्पत्ति बिक्री गर्ने वा नगर्ने अन्तिम अधिकार संस्थाको सञ्चालक समितिमा निहित रहनेछ । धितो लिलामी सम्बन्धी अन्य विवरण बुझ्नु परेमा मुख्य कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । लिलामी प्रकृयामा संलग्न व्यक्ति वा संस्थाले यसै सूचनाका शर्तहरूका अधिनमा रहिमात्र लिलामी प्रकृयामा सहभागी हुन सक्नेछन् ।
७. धितो लिलामी प्रक्रियामा लिलामी हुने सम्पत्ति कसैले सकार नगरेमा सो सम्पत्तिको स्वामित्व कानून बमोजिम संस्था आफैले लिन सक्ने छ ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार संस्थाको धितो लिलामी कमिटिमा निहित रहनेछ ।
९. बोल कबोल तथा धितो लिलामी संग अन्य सर्तहरु उल्लेखित बोलकबोल फारामसस्थाको मुख्य कार्यालयबाट रू.५०० तिरी लिन सकिनेछ ।



**यति क्राफ्ट क्रियशन्स प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/०८ मा दर्ता भएको **(प्रा.लि. नं. २०५०५५/०७५/०७६ को यति क्राफ्ट क्रियसन्स प्रा.लि.**लाई खारेजी (लिक्वीडेशन)मा लैजाने कम्पनी ऐन २०६३ को दफा २६ बमोजिम मिति २०८१/०२/१५ को विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाकी बक्यौया लेनदेन आदि भएमा प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय का.जि. टोखा न.पा वडा नं. १०, सामाखुसीमा सम्पर्क गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधिको भुक्तान भएपछि कम्पनी कानून बमोजिम खारेजी भै जाने र कम्पनी खारेज भएपछि कोही कसैको दावी नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**लिक्वीडेटरः लक्ष्मण श्रेष्ठ, इजाजतपत्र नं. ३६९, फोन नं. ९८५१०७८५४०**



**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०२/१७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलित खयर गोलिया २२९.७० क्यू.फि. (स्यापउड सहित) काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री खहरेखोला सा.व.उ.स., रामपुर-८, पाल्पा**



**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०२/१७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलित खयर गोलिया २३६.७६ क्यू.फि. (स्यापउड सहित) काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री थाकलडाँडा सा.व.उ.स., रामपुर-३, पाल्पा**



**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०२/१७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलित खयर गोलिया ४०४.६६ क्यू.फि. (स्यापउड सहित) काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री लामटाङ सा.व.उ.स., रामपुर-३, पाल्पा**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## आवश्यकता एकातिर, बजेट अर्कैतिर

**अर्थमन्त्री वर्षमान पुनले यसपटक ल्याएको बजेटको एक सार हो- उही झारा टार्ने सिवाय अरू थोक छैन । कोभिड-१९ महामारी, युक्रेन-रसिया युद्धलाई दोष दिएर सरकारले मुलुकको आर्थिक अवस्थामा सुधार ल्याउन नसकेको भन्दै पन्छिने काम गर्दै आएको छ । आर्थिक संकटबाट मुलुकलाई माथि उठाउनुपर्ने जिम्मेवारीबाट पन्छिँदै सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याएको छ । यो बजेटबाट जनताले ठूलो आशा गरेका थिएनन्, मात्र मुलुकको अर्थतन्त्रलाई सही मार्गनिर्देश गर्न आधार तयार गर्न सकोस् भन्ने थियो । तर, बजेटले त्यस्तो आशालाई सञ्चार गर्न सकेन । आशा जगाउने कुनै कार्यक्रम यो बजेटमा छैन ।**

**अहिले देशका युवा 'एनि हाउ, विदेश जाउँ' को नारा बोकेर पासपोर्ट बनाइराखेका छन् । १२ कक्षा सक्नसाथ बत्तिँदै विमानस्थल पुगेका यस्ता विद्यार्थी कतै न कतै ठोकिन्छन् । यी युवालाई स्वदेशमा रोक्ने कार्यक्रम त कता हो कता सरकारले विदेशबाट फर्कने रिटर्नीलाई पो ऋण दिने कार्यक्रम ल्याएको छ । एक लाख रिटर्नीलाई ऋण दिने सरकारको कार्यक्रमले युवालाई विदेश नै जाउँ भनेको हो कि ! विदेशबाट फर्केपछि ऋण पाउने एउटा सर्टिफिकेट पक्का बन्ने छ । यही आशा छ बजेटमा । सत्ताको रस चुसेर बस्ने मन्त्रीहरूको दैनिकी देखेरै युवा विदेशतिर मोहित बनेका हुन् । अहिले विद्यार्थी कलेजमा हैनन्, कोरियन र जापानी भाषा कक्षा लिइरहेको भेटिन्छन् । श्रम स्वीकृति लिएर कानुनी बाटोबाट कमाउन हैन, अवैधानिक बाटोबाट युरोप, अमेरिकादेखि रसिया बाहिरिरहेका छन् ।**

**बजेटको आधार अनावश्यक रूपमा बढाएर १८ खर्ब ६० अर्ब ३० करोड पुर्‍याइएको छ । स्रोतको अभाव भोगिरहेको सरकारले योपटक ऋणको भार अझ बढाउँदै बजेट ल्याएको छ । पाँच खर्बभन्दा बढी त ऋणकै लक्ष्य राखिएको छ । अझ डरलाग्दो त आन्तरिक ऋण तीन खर्बभन्दा बढी छ । यसले निजी क्षेत्रलाई प्रभावित पार्ने निश्चित छ । किनकि सरकारले यति धेरै ऋण उठाउँदा बजारमा ठूला व्यवसायीहरूले ऋणको उपलब्धताबाट वञ्चित हुनुपर्ने अवस्था आउँछ । यसले अर्थतन्त्रलाई थप समस्यामा पार्ने निश्चित छ ।**

**केपी शर्मा ओलीको पालामा झार उखेल्न कार्याकर्तालाई बजेट पोस्ने कार्यक्रमजस्तै दुई लाख युवालाई १०० दिनको रोजगारी कार्यक्रम यसपटक पनि समेटिएको छ । परिवारवादको आरोप खेपिरहेका प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नी स्वर्गीय श्रीमती सीता दाहालको नाममा राज्यकोषबाट खर्च गरेर सीता दाहाल मेमोरियल कलेज अफ नेचुरोपेथी एण्ड योगिक साइन्स कलेज स्थापना गर्ने विषय बजेटमा समेटेका छन् । यसरी मुलुकको आवश्यकतालाई सम्बोधन गर्न भन्दा पनि आफ्नै स्वार्थपूर्तिमा केन्द्रित बजेटबाट आशा गर्ने ठाउँ छैन ।**

## मनन्योग्य

### चाणक्य नीति

युधिष्ठिरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए। जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो । द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए। जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्बरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो ।

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए । विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए । उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे । उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो । त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे । महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन् । यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन् ।

# लोकतन्त्रको संस्थागत विकासका आयाम



■ मनोहर कार्की

> जनताका आवश्यकतालाई सम्बोधन गर्ने गरी विकास र निर्माणका कार्यलाई अभियानको रूपमा अघि बढाउन सकिएको खण्डमा सही मानेमा लोकतन्त्र जनमुखी व्यवस्थामा रुपान्तरण हुनसक्छ । समृद्ध र बलियो अर्थतन्त्र भएको मुलुकको निर्माणका लागि कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास, ऊर्जा र पर्यटन क्षेत्रको दिगो विकास तथा परिणाममुखी विकास जनअपेक्षा रहेको कुरा मनन गर्दै नीति निर्माण र कार्यान्वयनपक्षमा दृढता आउन सक्नुपर्दछ ।

नेपाली जनताको लामो संघर्ष, आन्दोलन र राजनीतिक जनपरिचालनको अभिव्यक्तिको सोपानका रूपमा नेपाली जनताले निर्वाचित संविधानसभाबाट जारी भई नेपालको संविधान-२०७२ कार्यान्वयनमा आएको छ । लोकतन्त्रको संस्थागत विकास र यसका आयामले जनजीविकाका सवाललाई सम्बोधन गर्न सकेको खण्डमा इतिहासका विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन र क्रान्तिसोपानमा योगदान दिने सबैको सम्मान र गणतन्त्रको सफलताको मापन हुनसक्छ । यस्ता बग्रेल्ती तथा महत्त्वागामी परिवर्तनको उठान गरिँदा अविष्मरणीय दिन छन् । यी दिनमा ७ फागुन २००७, पहिलो जनआन्दोलन २०४६ तत्पश्चात् २३ कात्तिकमा जारी भएको नेपाल अधिराज्यको संविधान-२०४७, २०६२/६३ को ऐतिहासिक जनआन्दोलन, ३ असोज २०७२ मा संविधानसभाबाट नेपालको संविधान-२०७२ जारी भएपश्चात् नेपालको राजकीय तथा शासकीय व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था घोषणापश्चात् नेपालको राजनीतिक इतिहासमा नयाँ युगको प्रारम्भ भयो । यी ऐतिहासिक दिन आमनेपालीको संस्मरणमा गर्वको अनुभूति र राजनीतिक उत्थानमा भएको गुणात्मक परिवर्तनको अवसरको आरम्भको प्रस्थानबिन्दुका रूपमा लिन सकिन्छ ।

लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । प्राचीन ग्रीक राजनीतिक विश्लेषक तथा दार्शनिक प्लेटो, अरिस्टोटलका बीचार र मान्यतामा जनताका बीचार र आवाज सुन्ने र मनन गर्ने राजनीतिक पद्धति र राज्यसञ्चालकको भावना प्रतिविम्बित हुनुपर्ने पैरवी गरेका हुन् । थोमस हब्स, जिन ज्याक रुसो र मैकियावलीका राजनीतिक विश्लेषणका धरातलीय यथार्थ नै जनचाहना, सामाजिक सम्झौताका आधारमा समाज, सामाजिक व्यवस्था र कानुनको जग स्थापित हुनसकेको हो भन्ने मान्यताले प्राथमिकता पाएको हो । कानुनी राज्य, विधिको शासन, सुशासन तथा जनप्रतिनिधिमूलक संस्थाको अपरिहार्यता नै हो ।

अमेरिकी स्वतन्त्रता आन्दोलनको जग स्वतन्त्रता, भाइचारा र लोकतन्त्र नै थियो । बेलायतको संवैधानिक विकासका आधारका रूपमा रहेका म्याग्नाकार्टा, विल अफ राइट्स तथा अधिकारको याचनापत्रका मर्म र भावनाका बारेमा सामान्य जानकारी लिने र व्यवहारमा लागू गर्ने परिपाटी निरन्तर अबीचलित हुनुपर्दछ । जनप्रतिनिधिमूलक संस्थाको गतिशील आयाम, प्रजातन्त्रिक परिपाटीको संस्थागत, शासक र जनताबीच सन्तुलित सम्बन्धका आधारमा नै संविधानवाद, शासन व्यवस्था र जनप्रतिनिधिमूलक संस्थाको महत्त्व उजागर हुन्छ । जनप्रतिनिधिमूलक संस्थाको जनताप्रतिको दायित्व र यसका गत्यात्मक विधि र प्रक्रियालाई संविधानको भावना र मर्मअनुसार उजागर गरिनु उक्तिसंगत कथन हुनसक्ला । विकास र रूपान्तरणका दिशामा सरकारको सेवा प्रवाहको गति तथा विकासका कदमबाट हित समूह तथा आमजनता सन्तुष्ट हुन नसकिरहेको तथ्यलाई मनन गर्नुपर्दछ । फरक तथा गुणात्मक परिवर्तनको अनुभूति आमजनतामाझ संप्रेषित हुनुपर्छ ।

जनताका आवश्यकतालाई सम्बोधन गर्ने गरी विकास र निर्माणका कार्यलाई अभियानको रूपमा अघि बढाउन सकिएको खण्डमा सही मानेमा लोकतन्त्र जनमुखी व्यवस्थामा रूपान्तरण हुनसक्छ । समृद्ध र बलियो अर्थतन्त्र भएको मुलुकको निर्माणका लागि कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास, ऊर्जा र पर्यटन क्षेत्रको दिगो विकास तथा परिणाममुखी विकास जनअपेक्षा रहेको कुरा मनन गर्दै नीति निर्माण र कार्यान्वयनपक्षमा दृढता आउन सक्नुपर्दछ । हालै गठबन्धन सरकारले ल्याएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा केही महत्त्वपूर्ण र परिवर्तन दिने खालका कार्यक्रम आएको झझल्को पाइन्छ । बजेटले त्यसलाई सही मानेमा सम्बोधन गर्न सकेमा गुणात्मक गत्यात्मकता आउने थियो ।

स्थायित्व तथा लोकतन्त्रको जगका रूपमा रहेको स्थानीय तहहरूको क्रियाकलाप तथा स्थानीय सरकारको काम गराई र जनताको विकास र परिवर्तनका भावनालाई मुखरित गर्ने दिशामा जनता सन्तुष्ट हुने र अनुभूत गर्ने खालको विकास र सेवा प्रवाह नभएको आम गुनासोलाई सम्बोधन गर्ने दिशामा सरोकारवालाको ध्यान पुग्न सकेमा जनताको अभिमतको कदर हुनसक्ला । संघीय प्रणालीको सफल कार्यान्वयनको सवालमा वित्तीय सवलीकरण तथा पारदर्शिता अपरिहार्य छ । स्थानीय सरकारले हचुवाका भरमा कर निर्धारण र सामान्य जनताले थेग्न नसक्नेगरी कर लगाउने परिपाटीको अस्वस्थ र अलोकप्रिय अभ्यासले जनताले राहतका सट्टा आहतको अनुभूति गर्नु विडम्बना हो । स्थानीयस्तरमा जनताले अनुभूति गर्ने खालको विकासका खाकाको अभ्यास र व्यवहारमा रूपान्तरणको पक्षपति विकासप्रेमी जनता रहेका छन् । विकास र सेवाप्रवाहमा गुणात्मकता आउन सकेमा परिवर्तन र संघीयताको महत्त्व उजागर हुने थियो । जनताले परिवर्तन र रूपान्तरणको स्थायी आयामको पैरवी गरिरहेको सन्दर्भमा हाम्रा जनप्रतिनिधिमूलक संस्था जवाफदेही, उत्तरदायी र पारदर्शी बन्न आवश्यक रहन्छ ।

राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण तथा जनतालाई कानुनी शासनको अनुभूति दिने दिशामा राजनीतिक दल तथा राज्य सञ्चालक निकायहरूको महत्त्वपूर्ण भूमिका रहिआएको हुन्छ । कुनै पनि राजनीतिक दलले जनताका भावना र चाहनालाई प्रतिविम्बित गर्न सकेनन् भने त्यस्ता दल तथा दलका सांगठनिक संरचनाले दीर्घकालमा राष्ट्रिय राजनीतिको मियोलाई कुनै पनि हालतमा आत्मसात् गरेर अघि बढ्न नसक्लान् भन्ने चिन्ता र सरोकार आमजनको छ । राजनीतिक दलका सन्दर्भमा हामी त्यो संगठनलाई औंल्याइरहेका हुन्छौं, जुन कि स्थानीय स्तरसम्म प्रभावकारी हुन्छ, जो सामान्य जनतासँग अन्तरक्रियाशील रहन्छ एवं तिनबाट चुनावी समर्थनका लागि प्रयत्नशील रहन्छ । जसले राजनीतिक भर्तीमा प्रत्यक्ष र उल्लेखनीय भूमिका खेल्छ र जो एक्लै वा अरूसँग संलग्न भई राज्यशक्ति आर्जन गर्न वा शक्तिमा कायम रहिरहन वचनबद्ध हुन्छ ।

लोकतन्त्रमा जनता जनार्दन हुन्छन् । निर्णय र राजनीतिक क्रियाकलापमा जनताको सहभागिताले लोकतन्त्रलाई जीवनदायी बनाउँदछ । जनताका निर्णय शक्तिलाई राजनीतिक दल तथा राजनीतिक संस्थाहरूले नजरअन्दाज गर्न सक्दैनन् । लोकतन्त्रलाई फगत आवधिक निर्वाचनको सामान्य विधिका रूपमा सतही व्याख्या गरिएको खण्डमा जनताको सम्मान ठहरिँदैन । तसर्थ जनता र लोकतान्त्रिक व्यवस्थाका मूल्यमान्यतालाई राजनीतिक दल, राजनीतिक भर्तीकेन्द्र तथा राजनीतिक शक्तिकेन्द्रले मियोका रूपमा लिएर अघि बढेमा मात्र लोकतन्त्रको संस्थागत विकास हुन सक्दछ । जनता र जनसंगठनका बीचमा गतिलो सहकार्य निर्माण गर्न सकिएको खण्डमा लोकतन्त्रको संस्थागत विकासले अभ्युत्थान हुने अवसर पाउँछ । जसको परिणामस्वरूप विकास र परिवर्तनका प्रतिफलहरू कुनै न कुनै रूपमा जनताले प्राप्त गर्ने परिपाटीको विकास हुन्छ । संविधान र जनउत्तरदायी सरकारको संस्थागत विकासतर्फ राजनीति दिशाबोध र गत्यात्मक हुनसक्छ ।

क्रियाशील तथा चलायमान राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सक्नुपर्दछ । कुनै पनि आवधिक निर्वाचन त्यसको कसी हो । आवधिक निर्वाचनले राजनीतिक दल तथा दलका सदस्य अनि हित समूहलाई क्रियाशील तथा गत्यात्कता दिन्छ । आवधिक निर्वाचन राजनीतिक दल तथा सत्तारुढ दल वा दलीय गठबन्धनको कार्यप्रतिको परीक्षण र राजनीतिक दलका नीति र कार्यक्रमको अनुमोदनको आधार पनि हो । त्यसैले त आवधिक निर्वाचन लोकतन्त्रको आधार हुन सकेको छ । जनता र जनताका संगठनका बीचमा गतिलो सहकार्य निर्माण गर्न सकिएको खण्डमा लोकतन्त्रको संस्थागत विकासले अभ्युत्थान हुने अवसर प्राप्त गर्दछ । जसको परिणामस्वरूप विकास र परिवर्तनका प्रतिफलहरू कुनै न कुनै रूपमा जनताले प्राप्त गर्ने परिपाटीको विकास हुन्छ । संविधानमा अन्तरनिहीत जनमुखी तथा जनउत्तरदायी सरकारको संस्थागत विकासतर्फ हाम्रा राजनीतिक मूल्यमान्यता स्पष्ट दिशाबोध र गत्यात्मक हुनसक्छ ।

लोकतान्त्रिक व्यवस्था र खुला समाजको अनुभूतिलाई नेपालको संविधानले महत्त्वका साथ आत्मसात् गरेको छ । लोकतन्त्रको मुटु नै स्वतन्त्रता, फरक विचार र मान्यताको सम्मान पाउने अनुकूल वातावरणको सिर्जना भएको तथ्यलाई मनन गर्दै संवैधानिक तथा कानुनी प्रत्याभूति दिन सक्नुपर्दछ । प्रेस स्वतन्त्रता, विधिको शासन, बहुदलीय व्यवस्थाका मान्यता तथा मानवअधिकारका आधारभूत मान्यतालाई उच्च प्राथमिकता दिँदै कानुन र विधिलाई सर्वोपरी र सवलीकृत हुनुपर्दछ । तब त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागत विकासमा कोसेढुंगा सावित हुनसक्छ ।

*(लेखक मानवशास्त्री तथा अधिवक्ता हुन्)*

**पत्र-मञ्जुषा**

## चर्चा कमाउन गृहमन्त्रीको 'हचुवा निर्णय'

'सानालाई ऐन, ठूलालाई चैन' सर्वसाधारणको यो गुनासो लामो समयदेखि रहँदै आएको छ । कर तिर्ने जनता, कानुन मान्ने पनि जनता । तर, मोजमस्ती गर्ने सरकारी कर्मचारी । सार्वजनिक बिदाको दिन सरकारी गाडी चलाउन नपाइने कानुनमा स्पष्ट उल्लेख छ । चलाउनै परेमा गृह मन्त्रालयबाट अनुमति लिनुपर्छ ।

मंगलबार गणतन्त्र दिवस । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक घोषणा भएको दिन । सरकारले से अवसरमा सार्वजनिक बिदा दिएको थियो । तर, बाटोमा छ्याप्छ्याप्ती सरकारी गाडी गुडिरहेका थिए । सामान्य भाषामा भन्दा सरकारी गाडीको चरम दुरूपयोग भइरहेको थियो ।

सरकारी गाडी लिएर सामान खरिदमा निस्किएका थिए, कर्मचारी । तर, ट्राफिक प्रहरी भने टुलुटुलु गाडी दुरूपयोग भएको हेरेर बसेको थियो । न ट्राफिकले बिदाको दिन सडकमा निस्किएका सवारीको अनुगमन गरिरहेको थियो न कारबाही । सर्वसाधारणले गाडी दुरूपयोग भएको देखिरहेका थिए ।

विडम्बना, ट्राफिकले देखेन । ट्राफिककै अगाडिबाट दुई पांग्रे र चार पांग्रे सवारीसाधन हुइँकिए पनि रोकेर पास चेकजाँच गरेनन् । अहिले मुलुकमा आर्थिक मन्दी छ । सरकार लक्ष्यअनुरूप राजस्व नउठेको बताइरहेको छ । सर्वसाधारणलाई मन्दीले बाँच्न गाह्रो बनाएको छ ।

सरकारी कर्मचारीलाई मन्दीले कुनै प्रभाव नै परेको छैन । कर तिर्ने जनता भोकभोकै छन्, सरकारी कर्मचारी भने जनता चुसेर डम्म परेका छन् । सरकारी कर्मचारीले चढ्ने गाडी जनताले तिरेको करबाट खरिद गरिएको हो । इन्धन पनि जनताले तिरेको करबाटै हाल्ने हो । सरकारी गाडीको दुरूपयोग भनेको जनताले खाइनखाई तिरेको करमाथि खेलबाड गर्नु हो । सरकारी गाडी लिएर तरकारी किन्न जान्छन् । आफन्त घुमाउन लिएर हिँड्छन् । कतै खान जानु पर्‍यो भने त्यही गाडी लगिन्छ । त्यसो गर्नु भएन नि ।

वर्तमान गृहमन्त्री रवि लामिछानेलाई कानुनको विषयमा केही थाहा छैन । झूठ बोल्न र ढाँट्नबाहेक उनले केही जानेका छैन । जतिबेला 'फाइल खोल्छु' भन्छन्, तर उखाल्ने केही होइनन् । आएदेखि त्यही भनिरहेका छन् तर एउटा पनि फाइल खोलेका छैनन् । तर्साउने, धम्काउने काममात्रै गर्छन् ।

बोलेर होइन, गरेर देखाउनुपर्‍यो । मन्त्रीले त कम बोल्ने, धेरै गर्ने हो । तर, उनी ठ्याक्कै उल्टो छन् । बोलेरै जित्न खोज्छन् । भएका कानुनमा केही छुट्या छ भने संशोधन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव गर्नुपर्‍यो । नत्र कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्‍यो । जनताले तिरेको कर 'वालुवामा पानी' भइरहेको छ, गृहमन्त्रीलाई चासै छैन । गृहमन्त्री लामिछाने चर्चामा आउनमात्र खोज्ने खालका व्यक्ति हुन् । आफू चर्चामा आउनका लागि उनले दरबारमार्ग र ठमेल २४ सै घण्टा खोल्ने निर्णय गरे । गत वैशाख १ गतेदेखि सो लागू भइसकेको छ । त्यो निर्णयले होटल, रेस्टुरेण्टवालालाई फाइदा होला । रक्सी बेचेर राम्रो आम्दानी गर्लान् ।

तर, खानेको त जिन्दगी बर्बाद भएन् ? घर नजाने, २४सै घण्टा त्यही बस्ने । यसले उसको घरपरिवार तहसनहस हुन्छ । आफूसँग भएको सम्पत्ति सकाउँछ । सँगै ज्यान पनि सिद्धिन्छ । हिजो गणतन्त्र दिवसको अवसरमा उनले नयाँ निर्णय गरेका छन् । मादकपदार्थ सेवन गर्नेलाई स्वयंसेवकको रूपमा खटाउने ।

कानुनमा रक्सी खाएको मान्छेलाई स्वयंसेवक बनाउने कतै उल्लेख छैन । त्यस्ताले कि कैद भुक्तान गर्नुपर्छ कि जरिवाना तिर्नुपर्छ । अनि यो कानुनमै नभएको कुरा उनले कसरी बोले ? नेपाल प्रहरीले पनि गाडीको ब्लुबुक, सवारी चालक अनुमतिपत्र माग्न पाउँदैनन् । त्यो काम ट्राफिक प्रहरीको हो । कानुनमा नभएको कुरा त गर्नुभएन नि । ट्राफिकबाहेक अन्य कसैले अधिकार पाएका छैनन् । ट्राफिकले काम गर्न सकेनन् भनेर सर्वसाधारणको चौतर्फी गुनासो छ । बाटोमा ट्राफिक उभिएका त हुन्छन् तर तिनले सवारीको कागजात चेकजाँच गरेको देखिँदैन ।

सरकारले सवारीसम्बन्धी थुप्रै ऐनकानुन बनाएको छ । यद्यपि, ट्राफिकले कार्यान्वयन गर्न सकेका छैनन् । ट्राफिकले जनताले तिरेको करबाट तलबभत्ता खाइरहेका छन् । लुगा लगाएका छन् । केही दिनअगाडिको कुरा हो, सिंहदरबारअगाडि उभिएका ट्राफिकले पानी ल्याइरहेको गाडीबाट मिनिरल वाटर निकाले । ट्राफिकले नै त्यस्तो गैरकानुनी काम गर्छन् । अनि सर्वसाधारणको ट्राफिकप्रतिको धारणा कस्तो हुन्छ ? पानी तिर्खा लाग्यो भने ट्राफिकले आफ्नै पैसाले किनेर खानुपर्छ । सरकारले मासिक तलब त दिएकै छ । कुनैको सम्पत्ति खोसेर खाने अधिकार ट्राफिकसँग छैन । ट्राफिक सरकार हो ।

ट्राफिकको काम सवारी चेकजाँच गर्ने, ऐनकानुन नमान्ने सवारीसाधनलाई कारबाही गर्ने, राजस्व संकलन गर्ने हो । तर, ट्राफिकको त्यसमा ध्यान छैन । व्यवसायी नै भएपनि ऊ जनता हो । उसले आफ्नो व्यवसायमा लगानी गरेको छ । ऐनकानुन मानेन भने उसलाई कानुनको दायरामा ल्याउनुपर्छ । तर, राज्यको नियामक निकाय नै यस्तो भएपछि जनताले उनीहरूमाथि कसरी विश्वास गर्ने ? जनताको नजरमा ट्राफिक नै घुस्याहा रहेछन् भन्ने पर्छ कि पर्दैन ? गृहमन्त्रीले महिनावारी हुँदा ट्राफिक प्रहरीलाई बिदा दिने निर्णय गरे । अधिकांश मुलुकमा यो व्यवस्था लागू भइसकेको छ ।

उनले यो निर्णय गरिरहँदा अन्य निकायमा कार्यरत महिला कर्मचारीलाई पनि हेर्नुपर्छ । अन्य महिला कर्मचारीलाई भेदभाव गरिएकोजस्तो देखिएको छ । सांसद नै महिला छन् । पछिल्लो समय महिला कर्मचारीको संख्या बढ्दो छ । सरकारी क्षेत्रमा मात्र होइन, निजी क्षेत्रमा पनि धेरै महिला कार्यरत छन् ।

महिनावारीको पीडा सबै महिलालाई उस्तै हो । तर, एउटालाई बिदा दिने, अर्कोलाई काममा दलाउने यो अलिक राम्रो निर्णय भएन । आफ्नो दायित्व निर्वाह गर्ने कुरामा पुरुषभन्दा महिला बढी इमान्दार छन् । सुरक्षा क्षेत्रमा महिलाको संख्या उसैपनि कम छ । यहाँ त महिला कर्मचारीलाई बिदाभन्दा पनि हौसला दिन जरुरी छ । उनीहरूलाई आवश्यक पर्ने स्रोतसाधन जुटाइदिउँ । ट्राफिकलाई शौचालयको व्यवस्था गरौं । खानेपानीको व्यवस्था गरौं । छुट्टीभन्दा पनि काम गर्न सहज वातावरण बनाइदिन आवश्यक छ ।

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘लिंगो जुधाउने’ अनौठो संस्कृतिले पायो निरन्तरता



**म्याग्दी (बेनी)–** म्याग्दीको रघुगंगा गाउँपालिका-४ दग्नाममा दुई गाउँबीचमा ‘लिंगो जुधाउने’ अनौठो संस्कृतिले निरन्तरता पाएको छ । भूमे पूजाको अवसरमा यस गाउँमा सयौं वर्ष पुरानो इतिहास बोकेको ‘लिंगोजुधाउने’ अनौठो प्रतिस्पर्धा गरिन्छ ।

मंगलबार दग्नामका गैरी र कान्छी गाउँबिचमा भएको लिंगो जुधाइमा गैरी गाउँ विजयी भएको छ । प्रकृति पूजाको रूपमा चिनिने भूमे पूजामा भूमे देवतालाई खुसी बनाउन दुई गाउँबीचको लिंगो जुधाउने प्रतियोगिता सम्पन्न भएको स्थानीय अगुवा धनिलाल गर्बुजाले बताए । ‘यो संस्कृति पूर्खादेखि नै चल्दै आएको छ, हरेक वर्ष भूमे पूजामा यहाँ दुई गाउँका लिंगो जुधाउने प्रतियोगिता हुन्छ,’ उनले भने ।

दग्नाममा गैरी गाउँ, कान्छी गाउँ, माझिगाउँ र डाँडागाउँ गरी चारवटा टोल रहे पनि यस प्रतियोगितामा भने हरेक वर्ष गैरी र कान्छी गाउँलेमात्रै सहभागिता जनाउने गरेका छन् । मंगलबार दुई गाउँबाट छुट्टाछुट्टै रूपमा ध्वजापतकाले सिगारिएका अग्ला बाँसको लिंगो बोकेर मुन्का डाँडामा पुगेका स्थानीयले एकैसाथ लिंगो ठडाएर प्रतिस्पर्धा गराएका थिए । पुर्ख्यौलीनाच, सोरठी भाका र पञ्चेबाजासहितको उत्सवकाबीच मंगलबार बिहान भूमे देवताको पूजागरेपछि दिउँसो भूमे देवतालाई खुसी बनाउनका लागि स्थानीयले लिंगो जुधाएका हुन् । प्रतियोगितामा अग्ला-अग्ला सिगारिएका लिंगालाई प्रतिस्पर्धामा उतार्ने गरिन्छ ।

दग्नामको भूमे पूजालाई लिंगो जुधाइले सांस्कृतिक उत्सव बनाउने गरेको वडाअध्यक्ष पबिन गर्बुजाले बताए । ‘भूमे पूजालाई हामीले मौलिकता र परम्परालाई जोगाउने गरी मनाउँदै आएका छौं, यसमा लिंगो जुधाइ सबैका लागि रुचि र चासोको विषय बन्ने गरेको छ, दुई गाउँबीचको प्रतिस्पर्धा देवतालाई खुसी बनाउने र आपसी सद्भाव बढाउन सहयोगी बन्ने गरेको छ,’ उनले भने । दुई गाउँले लिंगो जुधाइलाई प्रतिष्ठाको विषय बनाउने गर्छन् । बाँसको लिंगो स्थानीय दग्नाम वरपरसँगै छिमेकीगाउँ राखुबाटसमेत लैजाने गरिन्छ । स्थानीयले लिंगो जुधाइलाई करिब ४०० वर्ष पुरानो संस्कृतिमा गन्ने गरेका छन् । भूमे पूजामा लिंगो जुधाइ हेर्न देश तथा विदेशमा छरिएर रहेका दग्नामवासी गृहगाउँ फर्कने गर्छन् भने छिमेकी गाउँबाटसमेत उल्लेख्य मात्रामा सर्वसाधारण मेला भर्न पुग्ने गर्छन् । यसपटकको लिंगो जुधाइको अवलोकनमा ३०० भन्दा बढी सहभागी भएका थिए ।

जेठा भूमेको रूपमा चिनिने भएकाले दग्नामवासीले हरेक वर्षको जेठ महिनाको पहिलो वा दोस्रो साताको मंगलबारको दिन पूजा गर्ने चलन छ । खासगरी खेतीबाली राम्रो होस्, बाढीपहिरो, भूक्षयजस्ता प्राकृतिक प्रकोपको सिर्जना नहोस् भन्ने कामना गर्दै भूमे देवताको पूजा गरिन्छ । भूमे पूजाको अवसरमा स्थानीय एकता युवा क्लबले सांस्कृति तथा खेलकुद मेलासमेत आयोजना गर्दै आएको छ । यस वर्ष दग्नाममा पुर्ख्यौली नृत्यसहित विविध खेलकुद र सांस्कृतिक मेलाको आयोजना गरिएको क्लबले जनाएको छ । *रासस*

## देवदह खयरडाँडामा पुनः उत्खनन

**लुम्बिनी–** रूपन्देहीको देवदहस्थित खयरडाँडामा स्थानीय सरकारको साझेदारीमा बुधबारदेखि पुनः उत्खनन सुरु गरिएको छ । देवदह नगरपालिकाको आर्थिक तथा लुम्बिनी विकास कोष र पुरातत्त्व विभागको प्राविधिक सहयोगमा देवदह-९ स्थित खयरडाँडामा क्षेत्रमा उत्खनन सुरु गरिएको हो ।

देवदह नगरपालिकाका नगरप्रमुख धुव्र खरेल र लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले उत्खननको संयुक्तरूपमा शुभारम्भ गरे । बजेट अभावका कारण पुरातात्त्विकस्थलको उत्खनन, अन्वेषणमा हुन नसकिरहेको बेला देवदहले १० लाख बजेट छुट्याएर उत्खनन थालिएको छ । स्थानीय पालिकाले साझेदारीमा उत्खनन गरेको यो पहिलो रहेको बताइएको छ । सो अवसरमा नगरप्रमुख खरेलले पुरातात्त्विक क्षेत्रको उत्खननमा देवदह नगरपालिकाले प्राथमिकताका साथ काम गर्ने बताए । उनले स्थानीयसँगै देवदह क्षेत्रका पुरातात्त्विकस्थलको उत्खनन र अन्वेषणका लागि प्रदेश सरकारले समेत बजेट छुट्याउनुपर्ने बताउँदै त्यसका लागि आफूहरूले पहल गर्ने प्रतिबद्धता जनाए ।

यस्तै कार्यक्रममा कोषका कोषाध्यक्ष भट्टराईले पुरातात्त्विकस्थलको उत्खननमा साझेदारी गरेर देवदह नगरपालिका पहिलो स्थानीय तह बनेको बताए । उनले देवदहको भग्नावशेष क्षेत्रमा उत्खनन हुँदा यसले पुरातात्त्विक सम्पदाको संरक्षणसँगै पर्यटन प्रवर्द्धनमासमेत ठूलो टेवा पुग्ने विश्वास व्यक्त गरे । गत वर्ष जेठ १७ गतेदेखि गरेको उत्खननमा प्राचीन पर्खाल र प्राचीनतम इनारका संरचना फेला परेका थिए । लुम्बिनी विकास कोषका पुरातत्त्व महाशाखा प्रमुख वरिष्ठ पुरातत्त्व अधिकृत हिमाल उप्रेतीको नेतृत्वमा पाँच जनाको टोली उत्खननमा खटिएको छ । पुरातत्त्व विभागका पुरातत्त्व अधिकृत राजेश परियार, लुम्बिनी विकास कोषका नमराज अधिकारी, चन्द्रप्रकाश पाठक, अन्तरहुसेन मुसलमान र विज्ञका रूपमा शुभेच्छा पोखेल उत्खननमा खटिएका छन् । उत्खनन आगामी एक महिनासम्म चल्ने बताइएको छ । *रासस*

### गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०२/१७**

यस श्री जनमुखी सा.व.उ.स. मरिण गा.पा-३ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई नक्कली चौर, मरिण गा.पा. ३, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल, असना लगाएत जातको गोलिया ३२१ को ७८०२.५५ क्यू.फि गोलिया काठ र ६.७५ चट्टा मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री जनमुखी सा.व.उ.स. मरिण गा.पा. ३, सिन्धुली**

### गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०२/१७**

यस श्री आपझोरी सा.व.उ.स. कमलामाई नपा-१ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई कुण्डचौर, कमलामाई नपा-१ सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल, असना लगाएत जातको गोलिया १२२ को २२६५.६८ क्यू.फि गोलिया काठ र २.५० चट्टा मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री आपझोरी सा.व.उ.स. कमलामाई नपा-१ सिन्धुली**

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १०१८/०६८/०६९ यस **Green Tara International Overseas Services Pvt. Ltd.** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्वन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| Name | Citizenship No |
|---|---|
| Roman Kafle | 041001/1119 |
| Bikash Bhujel | 431027-100797 |
| Puja Bk | 52-01-73-04890 |
| Sunena Shrestha | 281-015/51690 |
| Sanjay Kumar Chaudhary | 18-01-74-07459 |
| Kumari Pradhan | 01-066-01584 |
| Ratna Mala Thapa Magar | 2018/4684 |

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०२/१७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलित खयर गोलिया ४०१.०१ क्यू.फि. (स्यापउड सहित) काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री हरियाली सा.व.उ.स., रामपुर-३, पाल्पा**

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०२/१७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलित खयर गोलिया १०३.१७ क्यू.फि. (स्यापउड सहित) काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री जब्गादी सा.व.उ.स., रामपुर-९, पाल्पा**

## Bhangaha Municipality

### Office of the Municipal Executive

**Bhangaha, Mahottari,**
**Madhesh Province, Nepal**

### Notice for Letter of Acceptance

Publication Date: 30/05/2024

**Subject: Issuance of letter of acceptance to award the contract for Contract Idenfication Number3/BMUN/SQ/Med/2080/81**

This is to notify you that your Quotation(Bid) dated 24-05-2024 11:11:57 hours for execution of the Supply and delivery of medicine and surgical items for the Contract price 5,87,250.0(Without VAT) NPR , as corrected and modified in accordance with the Instructions to Bidders is hereby accepted by our Agency.

You are hereby instructed to contact our office at Bhangaha,Mahottari to sign the formal agreement. As per the Instructions to Bidders you are also required to submit Performance Security, as specified in the Section VIII Sample Forms of Securities, consisting of a Bank Guarantee in an approved format.

The Employer shall forfeit the bid security, in case you fail to furnish the Performance Security and to sign the contract.

Performance guarantee should be deposited on the basis of Evaluation Report.

**Chief AdministrativeOfficer**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO. LTD.
पूर्व स्वीकृति मिति २०८१/०२/१६ | LT. No. 305598 | चलानी नं. ६०२२०२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder/Construction Worker/Building Worker | 40 | 0 | 1200 | ४२,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Worker/Concrete Finisher | 20 | 0 | 1200 | ४२,७०४ | | | | | | | |
| 3 | Construction Worker | 9 | 0 | 1200 | ४२,७०४ | | | | | | | |
| 4 | Loading And Unloading Worker | 10 | 0 | 1200 | ४२,७०४ | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO. LTD.
पूर्व स्वीकृति मिति २०८१/०२/१६ | LT. No. 305599 | चलानी नं. ६०२२०२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder/Construction Worker/ Building Worker | 48 | 0 | 1200 | ४२,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि अन्तर्वार्ता संस्थाको कार्यालय काठमाडौंमा धामाधम भइरहेको छ
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY
पूर्व स्वीकृति मिति २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 304023 | चलानी नं. ६०२१८८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commi 1 | 2 | 0 | 140 | ६०,७१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Commi 2 | 2 | 0 | 130 | ५६,३७५ | | | | | | | |
| 3 | Commi 3 | 1 | 0 | 125 | ५४,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

कम्पनी : DUBAI OASIS COMPANY
पूर्व स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES
पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1
पूर्व स्वीकृति मिति २०७९/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 266794 | चलानी नं. ६०१८२७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC
पूर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES
पूर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३९७/०६०/०६१
Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARKWAY INTERNATIONAL CONTRACTING LLC
पूर्व स्वीकृति मिति २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१६ | LT. No. 304566 | चलानी नं. ६०२१९४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 20 | 0 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Block Mason | 30 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Female Cleaner | 0 | 20 | 1000 | ३६,१०५ | | | | | | | |
| 4 | General Worker | 20 | 0 | 900 | ३२,४९५ | | | | | | | |
| 5 | Plaster Mason | 30 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 6 | Steel Welder | 20 | 0 | 1300 | ४६,९४० | | | | | | | |
| 7 | Water Proofing | 20 | 0 | 1300 | ४६,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
श्रम इजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## धनगढीमा दोस्रो राष्ट्रिय बाल चलचित्र महोत्सव हुने

चलचित्र विकास बोर्डले आगामी असार ७ गतेदेखि ९ गतेसम्म धनगढीमा 'दोस्रो राष्ट्रिय बाल चलचित्र महोत्सव २०८१' आयोजन गर्ने भएको छ। बोर्डले महोत्सव व्यवस्थापन सम्बन्धी कार्यका लागि बोर्ड सदस्य एवं प्रवक्ता केएल बुढाथोकीलाई संयोजक तोकेको छ। प्रवक्ता एवं महोत्सव संयोजक बुढाथोकीका अनुसार 'दोस्रो राष्ट्रिय बाल चलचित्र महोत्सव २०८१' का बालबालिका एवं वयस्कहरूले निर्माण गरेका बालचलचित्रहरूको प्रदर्शन तथा प्रतिस्पर्धा गराइनेछ।





# 'पूर्णबहादुरको सारंगी'मा अञ्जना बराइली



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'पूर्ण बहादुरको सारंगी' मा नायिका अञ्जना बराइली अनुबन्धित भएकी छन् । सेभेन सिज सिनेमाको प्रस्तुतिमा बन्न लागेको यो फिल्ममा बराइली थपिएकी हुन् ।

निर्माण पक्षले फिल्मको मुख्य भूमिकाका लागि यसअघि गायक तथा कलाकार प्रकाश सपूत र मुकुन भुसाल अनुबन्धित गरेको थियो । प्रकाश र मुकुनपछि अभिनयका कारण चिनिँदै आएका कलाकार विनोद न्यौपाने, कलाकार भोलाराज सापकोटा र देशभक्त खनाललाई निर्माण पक्षले अनुबन्धित गराएको थियो ।

फिल्ममा उनीहरूको भूमिकाका बारेमा अहिले केही पनि खुलाइएको छैन । अहिलेसम्म अनुबन्धित भएका सबै कलाकारहरूलाई शीर्ष भूमिका देख्न सकिने निर्माता विनोद पौडेलले बताए । यही जेठ २१ गतेबाट छायाङ्कनमा जाने तयारी रहेको यस फिल्मलाई अन्तर्राष्ट्रिय रूपमा फिल्म वितरण गर्दै आएको कम्पनी सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गर्न लागेको हो ।

सरोज पौडेलको लेखक तथा निर्देशक रहेर सोसल-ड्रामा बन्ने फिल्मका मौलिक कथाको एक गहन विषयलाई उठान गर्न लागेको बताइएको छ । अभिनेता र अन्य कलाकारहरू फाइनल भए पनि निर्माण पक्षले अभिनेत्री र अन्य कलाकारका बारेमा गोप्य राख्न चाहेका छन् । फिल्ममा विनोद पौडेल र प्याट्रिक सुवेदीको लगानी रहनेछ । रमेश चौँलागाईं र हरि श्रेष्ठ फिल्मका कार्यकारी निर्माता हुन् । महेश दवाडीको पटकथा तथा संवाद रहने फिल्ममा प्रशान्त शिवाकोटीको संगीत रहने छ ।

यो फिल्मको प्रदर्शन मिति आउँदो वर्षलाई तोकिएको छ । निर्माण टिमले फिल्मलाई वि.सं.२०८२ सालभित्र विश्व बजारमा प्रदर्शन गर्ने लक्ष्य राखेको छ ।

# 'माता-पिता नै मेरो पहिलो सांगीतिक गुरु'



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली गीत संगीत क्षेत्रको भर्ष्टायल गायकका रूपमा आफुलाई स्थापित गराएका गायक हुन् रुद्र शेखर शर्मा । शर्मालाई आम दर्शक, श्रोता तथा समकालिन कलाकारहरूले रुद्री शर्माका रूपमा पनि चिन्दछन् र कतिपयले रुद्रीकै नामले मात्रै पनि उनलाई चिन्दछन् । नाम जे सुकै र जस्तो सुकै भए पनि हर मानिस आफ्नो कामले नै मान्छे चिनिने हो । गायक शर्मालाई उनको कामले नै नेपाली गीत संगीत बजारमा चिनाएको छ । शर्माले व्यवसायिक गायकको रूपमा आफुलाई नेपाली गीत संगीतको क्षेत्रमा स्थापित भएको एक दशक नाघेको छ, हुन त उनि सानै उमेर देखी यस क्षेत्रमा क्रियशिल रहँदै आएका कलाकार हुन् ।

गायक शर्माले स्कुल, स्थानिय बालक्लब, चाडपर्वहरूमा गाउने नाच्ने काममा समेत अब्बल रहेका गीतकार समेत रहेका उनका बाबु जि.पी. शर्माले मुस्कुराउँदै हामीलाई सुनाए । आमा भुमिका उपाध्याय शिक्षिका हुन् र उनले लेखेका केही गीतहरू रेकर्ड समेत भएका छन् । गीत संगीत मानिसको मन मनमा हुन्छ र त्यो गीत धुनका रूपमा हरेक मानिसको कानमा गुञ्जने गर्दछ र मनमनै सबैमा गायक वाला फिलिङ पनि आउने गर्दछ । कती मानिसहरूले त्यो फिलिङलाई आम रूपमा प्रस्तुत गर्दछन् र गायक बन्दछन् भने कोही मानिस मनमनै गुनगुनाउँछन् र चित्त बुझाउँछन् । जसले गायनमा रुचि राख्छे गायनलाई माया गर्दछ र आफ्नो गुन गनाउने सपनाहरू आम रूपमा प्रस्तुत गर्दछ त्यसलै नै व्यवसायिक रूपमा यो पेशालाई अंगाल्न र यसैमा अडिग रहन सक्दछ ।

गायक रुद्र शेखर शर्मा पनि यिनै मध्यको एक हुन जसले सानै उमेर देखी कानमा गुञ्जिएका धुनहरू आम रूपमा प्रस्तुत गरेर गायकका रूपमा स्थापित मात्रै भएनन् उनि त एउटा भर्ष्टायल गायकका रूपमा आममानिसहरूको विचमा परिचित समेत भए । गायक शर्मालाई गायक बन्नको लागी पहिलो विद्यालय आफ्नै घर हुन पुग्यो बुवा गंगा प्रसाद - जि.पी.) शर्मा गीतकार र आमा भुमिका उपाध्ययको शिक्षिका । स्कुलमा हुने साँगीतिक कार्यक्रमहरू, घरमा हुने साँगीतिक माहौलले पनि गायक शर्मालाई गीत संगीत क्षेत्रमा आकर्षण भएको थियो । उनि भन्छन्, 'मेरो गायन पेशाको पहिलो पाठशाला भनेकै मेरो आफ्नै घर, घरभित्र हुने साँगीतिक माहौल हो र मेरो पहिलो साँगीतिक गुरुहरू भनेको स्वयं् मेरा माता पिता हुनुहुन्छ ।'

झापामा जन्मिएका शर्माका माता पिता झापाबाट काठमाडौ बसाई सरेपछि उनको गायन बन्ने सपना थप साकार हुन थाल्यो । काठमाडौ, पक्कै पनि देशको राजधानी भएकाले पनि साँगीतिक गतिविधि बढि नै हुन्थ्यो, गायक शर्माले पनि त्यहि साँगीतिक माहौलमा आफुलाई समाहित गर्न थाले । शर्माले आफ्नो पढाईका साथ साथै श्रुतिसंगीत बिद्यालय, परिवर्तन नेपाल लगायत केही गीत संगीत क्षेत्रको औपचारिक अध्ययन गराउने ठाउँमा गायनको औपचारिक कक्षाहरू समेत लिए ।

गायक रुद्र शेखर शर्माले केही फुटकर गीतहरूको रेकर्ड पश्चात सन २०१८ मा अर्थात २०७४ सालमा आफ्नो पहिलो एकल एल्वम् 'रूपम'लाई आधिकारीक रूपमा बजारमा ल्याए त्यो नै उनको पहिलो गीती एल्वम् थियो । त्यतिबेला हिजो आजको जस्तो एउटा गीतलाई नै एल्बमको रूपमा मान्ने प्रचलन थिएन, न्यूनतम पाँचवटा गीतहरू समावेश भए पछि मात्रै एल्बमको मान्यता दिने गरिन्थ्यो र फलाना एल्बमको गायक भनेर नेपाली गीत संगीतको क्षेत्रमा चिनिने गर्दथ्यो । यसर्थ गायक शर्माको यस अघि रेकर्ड भएका फुटकर गीतहरूलाई छाड्ने हो भने उनीले गायकको रूपमा गाएको पहिलो गीती एल्वम भने "रूपम" नै हो ।

रूपम एल्बमले उनलाई एका एक नेपाली सांगीतिक बृत्तमा चर्चाको शिखरमा पुर्यायो एक साथ पाँचवटा गीतहरू समावेश गरेर बजारमा आएको रूपम एल्वमले त्यति वेला सांगीतिक बजारमा उनलाई परिचित गराएको थियो । सबैलाई उत्तिकै आदार, सम्मान गर्ने र आफ्नो कामप्रति निक्कै नै संवेदनशिल भएर काम गर्ने गायक शर्मालाई विभिन्न श्रष्टा तथा सर्जकहरूबाट हौसला तथा माया प्राप्त भएको थियो । आफ्नो पहिलो एल्वम "रूपम"वाट राम्रो सफलता हात पार्न सफल गायक शर्माले सोही एल्बमवाट आम दर्शक/श्रोता, संचारकर्मी सर्जक तथा श्रष्टाहरूको मन जितेका थिए । गायक शर्माको "रूपम" व्यवसायिक रूपमा सफल एल्वमको रूपमा लिने गरिन्छ उनले उक्त एल्बमवाट राम्रो कमाई समेत गर्न सफल भएका थिए । सोही एल्वममा समावेश भएको "दुख्दिन म" बोलको गजलबाट गायक शर्माले छैठौं राष्ट्रिय रापती म्यूजिक अवार्डमा सर्वोत्कृष्ट नव गायक गजल विधाको अवार्ड समेत जित्न सफल भएका थिए । रूपम एल्बम सार्वजानिक भएसंगैं गायक शर्माले आफ्नो गायन यात्रालाई अझै तिव्रता दिन थाले । स्टेज कार्यक्रमहरू, रेडियो/ टेलिभिजनहरूमा हुने विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाउँदै आफ्ना नयाँ गीतहरूको रेर्कड गर्ने, प्रकाशन गर्ने कार्यहरूलाई पनि निरन्तरता दिन थाले ।

सन् २०२० को अन्त्य सम्म आईपुग्दा लगभग नेपाल मात्रै नभएर संसार भरीनै गीतसंगीतहरू एल्बमको रूपमा समाविष्ट नभई सिंगल ट्र्याकहरू तथा कलेक्सन ट्र्याकहरूको रूपमा बजारमा आउन थाले त्यो पनि डिजिटल प्लेटफार्महरू मार्फत, यो विश्वव्यापी रूपमा भएको डिजिटल क्रान्ति थियो । गायक शर्माले पनि आफुले गायका गीतहरूलाई पनि डिजिटाईजेशन गर्न थाले र आफ्ना नयाँगीतहरू पनि डिजिटल प्लेटफार्म मार्फत बजारमा ल्याउन थाले ।

नेपाल जस्तो अतिकम विकसित मुलुकका कलाकारहरूले गीतसंगीत क्षेत्र भर्खरै डिजिटल युगमा प्रवेश गरेको अवस्थामा त्यसको अनुभव पनि राम्रोसंग गर्न नपाउँदै कोभिड भन्ने महामारीले निक्कै प्रभावित बनायो । हुन त कोभिडले नेपाल मात्रै हैन विश्वभरिका मानिसहरू लगायत गीतसंगीत, चलचित्र, उद्योगधन्दा, कलकारखाना सबै क्षेत्रहरू नराम्रो संग प्रभावित भएका थिए । त्यसको मारमा हामी जस्ता अल्पविकसित मुलुकका मानिसहरू अझ बढि प्रभावित भएका थियौं ।

कोभिडले धेरै मानिसहरूलाई पेशा परिवर्तन गर्न बाध्य बनायो, मानिसहरूले बाँच्नैका लागी आफ्नो गरिरहेको काम छाडेर अरु काम पनि गरे तर गायक शर्माले भने आफ्नो गायन पेशालाई नै निरन्तरता दिँदै कोभिडको विचमा काम गरिरहेका डाक्टर नर्सहरूको मनोबल उच्च राख्नको लागी उनिहरूलाई देवदुतको रूपमा चित्रित गर्दै "देवदुत हौ तिमी" बोलको गीतलाई प्रस्तुत गरेर सेवामा खटिएका उनिहरूलाई हौशला प्रदान गरेका थिए । कोभिडकै विचमा गायक शर्माले "शितल ताप्नु , कहिले हाँसोमा, बर्षौं बित्यो घाम छाँयामा, अलिकती लगायत गीतहरू पनि रेकर्ड गरेर बजारमा ल्याएका थिए ।



# नेपाल इको प्यानल बुद्धिचालमा फुँयाल प्रथम




■ प्रभाव संवाददाता

**भक्तपुर–** नेपाल इको प्यानल गोपाल खागी स्मृति फिडे रेटिङ ब्रिट्ज चेस प्रतियोगितामा दोलखाका आशिश फुँयाल प्रथम हुन सफल भएका छन् । गणतन्त्र दिवसको अवसरमा मंगलबार भक्तपुरको देकोचा चाँगुनारायण जाने बस स्टप चोकको भबनमा भएको प्रतियोगितामा बद्रीलाल नेपाली काठमाडौं द्वितीय र धिरेन राई काठमाडौं तृतीय हुन सफल भए ।

प्रतियोगितामा तीन नै जनाले समान अंक प्राप्त गरे पनि टाइ ब्रेकमा आशिश पहिलो हुन सफल भएका थिए। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयसहित विभिन्न विधामा सर्वोत्कृष्ट १८ जनालाई नगद, ट्रफीसहित प्रमाणपत्र प्रदान गरियो । प्रतियोगितामा प्रथम हुनेलाई ६ हजार, दोश्रोलाई चार हजार, तेश्रोलाई तीन हजार नगद पुरस्कार प्रदान गरिएको थियो । साथै यी तीनसहित कुल १८ जना विभिन्न समूहलाई गरी कुल ३० हजार नगद बराबरको पुरस्कार वितरण गरिएको थियो ।

प्रतियोगितामा कुल ८० खेलाडीहरू सहभागी भएका थिए । उनीहरू विभिन्न २४ जिल्लाका रहेका थिए । प्रतियोगिता स्विस लिगको आधारमा नौ चरणमा खेलाइएको थियो । प्रतियोगितामा विजयी खेलाडीहरूलाई प्रायोजक नेपाल इको प्यानलका प्रमुख कार्यकारी अधिकृत सिइओ इन्जिनियर कृष्णभक्त दुवालले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । पुरस्कार वितरण समारोहमा नेपाल बुद्धिचाल महासंघका केन्द्रिय अध्यक्ष हेराकाजी महर्जन, प्रतियोगिता सञ्चालन गर्न गठित समितिका संयोजक चेसका भेट्रान्स् गणेशमान दुवाल, प्रमुख निर्णाय ज्ञानेन्द्र खाइजूलगायतले प्रतियोगिताको विविध विषयमा चर्चा गरे ।

प्रतियोगितमा सहभागीमध्ये भक्तपुरबाट सहभागीहरूमा निकेन कुशाथा विजयी भए । उनले नौ राउण्डमा सात अंक प्राप्त गरेका थिए । प्रतियोगितामा भक्तपुरबाट मात्रै ३० जना प्रतिस्पर्धी रहेको कार्यक्रममा जनाइयो ।

प्रतियोगिताका प्रायोजक नेपाल इको प्यानलले सामाजिक उतदायित्व अन्तर्गत प्रतियोगिता सञ्चालन गरेको जनाएको छ । नेपाल इको प्यानल स्थायी तथा अस्थायी संरचनामा भित्री तथा बाहिरी पार्टेशन वालको रूपमा प्रयोग हुने आधुनिक निर्माण सामाग्री हो। प्रतियोगिता भक्तपुर जिल्ला बुद्धिचाल संघका पूर्व सल्लाहकार स्वर्गीय गोपाल खागीको स्मृतिमा भएको हो ।

# सागरलाई अमेरिकामा स्वर्ण



■ प्रभाव संवाददाता

**काठमाडौंख** – तेक्वान्दो खेलाडी सागर गुभाजुले अमेरिकामा स्वर्णपदक हात पारेका छन् । एभरेष्ट वर्ल्ड क्लास तेक्वान्दोले आयोजना गरेको प्रतियोगितामा चार सयभन्दा बढी खेलाडीले भाग लिएका थिए ।

प्रतियोगितामा गुभाजुले ७४ केजी स्पर्धामा भाग लिएका उनले फाइनलमा भर्जिनिया स्टेटका खेलाडीलाई हराउँदै स्वर्ण जितेका हुन् । गुभाजुले राष्ट्रिय स्तरका साथै विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक हात पारेका छन् । पदक विजेता गुभाजुलाई एभरेष्ट वर्ल्ड क्लास तेक्वान्दोका सिइओ कुमार कार्कीले सम्मानित गरेका हुन् ।

सागरले प्रतियोगितामा ४ स्वर्ण जितेका छन् । प्रतियोगितामा भर्जिनियामा भएको क्यापिटल ओपन च्याम्पियनसिप, डल्लास ओपन च्याम्पियनसिप मेरिल्याण्डमा भएको एशियन अमेरिकन सेलिब्रेसन तेक्वान्दो च्याम्पियनसिप र हालै भएको एभरेष्ट ओपन च्याम्पियनमा स्वर्ण जितेका हुन् । उनले प्रतियोगिताका साथै रेफ्री र निर्णायको भूमिका निर्वाह गरेका छन् । उनले भर्निनिया स्टेट च्याम्पियनसिप, न्यूजर्सी स्टेट च्याम्पियनसिप, न्यूयोर्क स्टेट च्याम्पियनसिप लगायत विभिन्न प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेका छन् ।

त्यस्तै पेन्सिलभेनिया स्टेमा भएको तेक्वान्दो स्कुलहरूमा पनि प्रशिक्षकका रूपमा काम गरेका छन् ।

## कोशी प्रदेश टी-१० क्रिकेट

# एनबिएससीको दुई जित, एक हार

**विराटनगर (प्रस)–** प्रथम कोशी प्रदेश दिवा रात्रिकालीन टी-१० क्रिकेट प्रतियोगितामा एनबीएससी लायन्स क्रिकेट क्लबले तीन खेलमा लगातार दुई जित हात पारेको छ ।

विराटनगर - ६ स्थित एमबिजे क्रिकेट मैदानमा बुधबार भएको पहिलो खेलमा पूर्वाञ्चल क्रिकेट एकाडेमीलाई ८ विकेटले पराजित गर्दै एनबीएससीले लगातार दुई जित हात पारेको हो । जितसँगै एनबीएससीले चार अंक जोडेको छ ।

पूर्वाञ्चलले दिएको ८५ रनको लक्ष्य एनबीएससीले ६.४ ओभरमा २ विकेट गुमाउँदै पूरा गऱ्यो । एनबीएससीको जितको लागि सन्तोष कार्कीले आक्रामक ब्याटिङ गरे । उनले २० बलमा अविजित ४१ रन बनाए । उनले ४ छक्का र ३ चौका प्रहार गरे । अतहर अन्सारी ७ बलमा १८ रनको योगदान गर्दा मनिष थापाले १० बलमा १८ रन बनाए । भीम सार्कीले ७ रन जोडे ।

एनबीएससीका बलर प्रशान्त सिंह राजपूतले २ ओभरमा १० रन खर्चेर ३ विकेट लिए । मयङ्क कुमारले २ र फिरोद अन्सारीले १ विकेट लिए । उनी खेलको प्लेर अफ द म्याच घोषित भए ।

एनबीएससीले अहिलेसम्म तीन खेल खेलेको मध्ये दोस्रो दिनको खेलमा वाइआरसीसी विराटसँग ६ विकेटले पराजित भएको थियो ।



बंगलादेशको खुल्नामा बाढीको पानीमा हिँड्दै एक महिला । चक्रवात रेमालले बंगलादेशको तटीय रेखालाई प्रहार गर्दा कम्तीमा १० व्यक्तिको मृत्यु भएको र उष्णकटिबंधीय डिप्रेसनमा कमजोर भएको बगलादेशका प्रकोप व्यवस्थापन र राहत राज्यमन्त्री मोहिबुर रहमानले सोमबार बताए । *तस्बिरः सिन्ह्वा*

## पाकिस्तानमा बस दुर्घटना, २८ जनाको मृत्यु

**इस्लामाबाद–** पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको वाशुक जिल्लामा बुधबार बिहान भएको बस दुर्घटनामा २८ जनाको मृत्यु हुनुका साथै २० जनाभन्दा बढी घाइते भएको स्थानीय प्रहरीले जनाएको छ ।

जिल्लाको बिस्मिया क्षेत्रमा ५० जनाभन्दा बढी यात्रु बोकेको बस सडकदेखि केही फिट तल खोल्सामा खसेको थियो । दुर्घटनामा बसमा सवार महिला तथा बालबालिकासहित २८ जनाको मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ । प्रहरी तथा उद्धार टोली घटनास्थलमा पुगी मृतक र घाइतेलाई नजिकैको अस्पतालमा लगेको स्रोतले जनाएको छ ।

घाइतेमध्ये धेरैको अवस्था गम्भीर भएकाले मृतकको संख्या अझ बढ्न सक्ने आशंका चिकित्सकहरूले गरेका छन् । यसैगरी एक अर्को घटनामा, तुर्बत सहरबाट दक्षिणपश्चिम प्रान्तीय राजधानी क्वेटा जाँदै गरेको बस अत्यधिक गतिमा रहेको बसको टायर फुटी केही यात्रुहरू घाइते भएका प्रहरीले जनाएको छ । *रासस/सिन्ह्वा*

## प्यालेस्टाइनलाई राज्यको मान्यता दिने अभियानलाई संयुक्त राष्ट्रसंघद्वारा स्वागत

**राष्ट्रसंघ–** प्यालेस्टिनी जनताको अति आवश्यक अधिकारको प्रत्याभूत गर्न बनेको विभागले प्यालेस्टाइनलाई राज्यको मान्यता दिने अभियानलाई मंगलबार स्वागत गरेको छ । विभागले बार्बाडोस, बहामास, आयरल्याण्ड, जमैका, नर्वे, स्पेन, ट्रिनिडाड र टोबागोले प्यालेस्टाइनलाई दिएको राज्यको मान्यतालाई हार्दिकताका साथ स्वागत गर्दै विभागले संयुक्त राष्ट्रसंघ महासभाअन्तर्गत समितिको नेतृत्व गर्दछ ।

विभागले प्यालेस्टिनी जनताको आत्मनिर्णयको अपरिहार्य अधिकारलाई समर्थन गरी गाजामा विनासकारी युद्ध र प्यालेस्टिनी जनताको अस्तित्वको खतराको बीचमा आशा ल्याउन यी देशहरूको दृढ संकल्पको प्रशंसा गर्दछ । प्यालेस्टिनी जनताको स्वतन्त्र राज्यको अधिकारसहित आत्मनिर्णयको अधिकारलाई पुष्टि गर्ने सन् २०२४ मे-१० को महासभाको प्रस्तावपछि मान्यताको दिने क्रम बढेको हो । यस्तो घटनाक्रमले संयुक्त राष्ट्रसंघको बडापत्रमा स्थापित समान अधिकार र आत्मनिर्णयको माग गर्दै बढ्दो अन्तर ष्ट्रिय आवाजहरू प्रतिध्वनित गर्दछ । यो पूर्वी जेरुसेलमलगायत प्यालेस्टिनी क्षेत्रमा ५७ वर्षे इजरायली कब्जाको अन्त्य र प्यालेस्टाइनको प्रश्नको न्यायपूर्ण, शान्तिपूर्ण र कूटनीतिक समाधानका लागि आवश्यक छ ।

ब्युरोले राष्ट्रसंघीय सुरक्षा परिषद्लाई महासभाले व्यक्त गरेको व्यापक सहमतिसँग जोड्न र प्यालेस्टिनी राज्यलाई संयुक्त राष्ट्रसंघको पूर्ण सदस्यको रूपमा प्रवेश गर्न सिफारिस गर्न आग्रह गर्दछ । यसैगरी, विभागले गाजामा चलिरहेको चरम इजरायली सैन्य कारबाहीको निन्दा गरेको छ । रफाहमा विस्थापित मानिसहरूको शिविरमा आइतबारको आक्रमणमा कम्तीमा ४५ प्यालेस्टिनी नागरिकहरू मारिए भने २०० भन्दा बढी घाइते भए । विभागले अनुसन्धानको माग गर्दै अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघनका लागि जिम्मेवार व्यक्तिहरूको जवाफदेहिताको माग गर्दछ ।

विभागले अन्तर्राष्ट्रिय समुदायलाई इजरायली कब्जाको अन्त्य गरी प्यालेस्टाइनको प्रश्नको न्यायपूर्ण, स्थायी र शान्तिपूर्ण समाधान गर्न तत्काल र समन्वित प्रयासका लागि अपिल गर्दै ऐतिहासिक र गम्भीर अन्यायको अन्त्य गर्न सकियोस् भन्न अभिप्राय उल्लेख गरेको छ । *रासस/सिन्ह्वा*

## जापानका अनुसन्धानकर्ताद्वारा विश्वको पहिलो काठको उपग्रह निर्माण



**टोकियो (जापान)–** जापानी अनुसन्धानकर्ताहरूले विश्वको पहिलो काठको उपग्रह बनाएका छन् । क्योटो विश्वविद्यालय र लगिङ कम्पनी सुमितोमो वन विज्ञान विभागका वैज्ञानिकहरूले बनाएको प्रयोगात्मक उपग्रहको प्रत्येक भाग मात्र १० सेन्टिमिटर रहेको छ ।

विकासकर्ताहरूले म्याग्नोलिया काठबाट बनेको लिग्नोस्याट नामक उपग्रह अर्को हप्ता अन्तरिक्ष एजेन्सी जाक्सालाई हस्तान्तरण गर्ने योजना बनाएका छन् । यसलाई सेप्टेम्बरमा केनेडी स्पेस सेन्टरबाट स्पेसएक्स रकेटद्वारा अन्तरिक्षमा पठाइने छ । त्यहाँबाट उपग्रहलाई यसको शक्ति र स्थायित्व परीक्षण गर्न जापानी आइएसएस प्रयोग मोडचुलबाट प्रक्षेपण गरिने छ ।

'उपग्रहले अनुसन्धानकर्तालाई तथ्यांक पठाउने छ जसले दबाबका संकेत र उपग्रहले कतिसम्मको तापक्रम थेग्न सक्छ भनेर जाँच गर्न सक्छन्, सुमितोमो वन विज्ञान विभागका प्रवक्ताले बुधबार बताए । 'धातुबाट नबनेका उपग्रहहरू मुख्यधारमा रहनुपर्छ,' अन्तरिक्ष यात्री र क्योटो विश्वविद्यालयका विशेष प्राध्यापक ताकाओ डोईले पत्रकार सम्मेलनमा भने ।

'सिर्जनाकर्ताहरूले उपकरण वायुमण्डलमा पुनःप्रवेश गर्दा काठको सामग्री पूर्णरूपमा जलेको हुने र यसका कारण उपग्रह पृथ्वीमा फर्कंदा हानिकारक धातुका कणहरू उत्पादन नहुने बताएका छन् । यी धातुका कणले वातावरण र दूरसञ्चारमा नकारात्मक प्रभाव पार्न सक्छ,' विकासकर्ताहरूले मंगलबार काठको उपग्रहको निर्माण पूरा भएको घोषणा गर्ने क्रममा बताए । *रासस/एएफपी*

## दिल्लीमा अहिलेसम्मकै उच्च तापक्रम मापन

**नयाँदिल्ली–** भारतको राजधानी नयाँ दिल्लीमा तापक्रम अहिलेसम्मको उच्च अर्थात् ४९.९ डिग्री सेल्सियस (१२१.८ फरेनहाइट) पुगेको छ । तापक्रम वृद्धिसँगै पानीको अभाव हुनसक्ने चेतावनी अधिकारीहरूले दिएका छन् ।




भारतीय मौसम विज्ञान विभाग (आइएमडी) ले मंगलबार नरेला र मुंगेशपुरस्थित दिल्लीका दुई उपनगरीय क्षेत्रमा उच्च तापक्रम मापन गरेको हो । मौसम विभागका अनुसार यहाँको तापक्रम अपेक्षाभन्दा नौ डिग्री बढी रहेको छ । तीन करोडभन्दा बढी जनसंख्या रहेको यस सहरमा बुधबार पनि यस्तै तापक्रम हुने पूर्वानुमान गरिएको छ र मानिसहरूलाई सतर्क रहन सूचना जारी गरिएको छ ।

सन् २०२२ को मे महिनामा दिल्लीको केही भागको तापक्रम ४९.२ डिग्री सेल्सियस (१२०.५ फरेनहाइट) पुगेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । भारतमा गर्मी याममा तापक्रम उच्च रहने भए पनि पछिल्ला बर्षहरूमा लामो र अत्यधिक गर्मी हुने गरेको छ । वर्षौंको वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनका कारण गर्मी लामो हुने, बारम्बार हुने र तीव्र हुने गरेको जनाएको छ ।

### 'खानेपानीको अभाव'

नयाँ दिल्लीका अधिकारीहरूले गर्मी बढेसँगै पानीका स्रोतहरू पनि घट्दै केही क्षेत्रमा आपूर्ति कटौती हुने र खानेपानीको अभाव हुनसक्ने चेतावनी दिएका छन् । भारतीय जलमन्त्री आतिशी मार्लेनाले पानीको अनावश्यक प्रयोग रोक्न 'सामूहिक जिम्मेवारी' लिन आह्वान गरेका छन् । 'पानीको अभावको समस्या समाधान गर्न हामीले धेरै क्षेत्रमा पानीको आपूर्ति दिनको दुई पटकबाट घटाएर दिनमा एकपटक गर्नेजस्ता धेरै उपायहरू अपनाएका छौं,' आतिशीले भने, 'यसरी बचत गरिएको पानीलाई मिलाएर पानीको निकै अभाव भएका र दैनिक १५ देखि २० मिनेटमात्र पानी आपूर्ति क्षेत्रमा पुऱ्याइने छ ।'

मौसम विज्ञान विभागले गर्मीले स्वास्थ्यमा विशेषगरी शिशुहरू, वृद्धहरू र दीर्घकालीन रोगहरू भएकाहरूको स्वास्थ्यमा असर पार्नसक्ने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ । धेरैले राजस्थान राज्यको तापक्रम ५०.५ डिग्री सेल्सियस मापन गरिएको र त्यहाँबाट आएको उष्ण लहरका कारण तापक्रम बढेको बताएका छन् ।

राजस्थानको मरुभूमि फलोदीमा सन् २०१६ मा ५१ डिग्री सेल्सियस तापक्रम पुगेको थियो । पश्चिम बंगाल राज्य र उत्तरपूर्वी राज्य मिजोरममा आइतबार भारत र बंगलादेशमा आएको चक्रवात 'रेमाल'बाट आएको आँधीबेहरी र भारी वर्षाका कारण ३८ जनाभन्दा बढीको मृत्यु भएको छ । बंगलादेशको मौसम विज्ञान विभागले यो चक्रवात 'देशको इतिहासमा सबैभन्दा लामो मध्ये एक' भएको बताएको छ । *रासस/एएफपी*


## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PACIFIC OCEAN FOR BUSINESS

पूर्व स्वीकृति मिति २०८१/०२/१६ LT. No. 305294 चलानी नं. ६०२२०२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 8 | 130 | ४५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.

श्रम इजाजत नं.८०१/०६५/०६६

Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4385075
Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C

पूर्व स्वीकृति मिति २०८०/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१६ LT. No. 297552 चलानी नं. ६०२१२५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 4 | 0 | 900 | ३२,७२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason | 1 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1200 | ४३,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HUMAN RESOURCE

Govt. License 1631/080/081

Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOP ONE BUILDING CLEANING

पूर्व स्वीकृति मितिः २०८१/०२/१४ LT. No.305469 चलानी नं. ६०२२०२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 10 | 800 | २९,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEFEENA FOR DELIVERY SERVICES W.L.L.

पूर्व स्वीकृति मिति २०८१/०१/३० पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१६ LT. No. 304549 चलानी नं.६०२१९३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 35 | 0 | 140 | ६०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAFINA DELIVERY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०८०/०७/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१६ LT. No.294823 चलानी नं.६०२०९९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 58 | 0 | 140 | ६०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASA WATER FACTORY FIR WATER BOTTLING

पूर्व स्वीकृति मितिः २०८१/०२/०९ LT. No. 305133 चलानी नं. ६०२२०१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 6 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २४ गते (6th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.

श्रम ईजाजत नं. ८६१/०६६/०६७

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३८२०० | प्रति तोला – १३७५५० | प्रति तोला – १९३० |

## 'बजेटले नयाँ चरणको आर्थिक सुधारको प्रयास थालेको छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले नयाँ चरणको आर्थिक सुधारको प्रयास थालेको बताएका छन् । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका सन्दर्भमा अर्थ मन्त्रालयले आयोजना गरेको छलफल कार्यक्रममा उनले नेपालको वास्तविक अवस्था विश्लेषण गरेर सुधारको बाटो समात्ने गरी बजेट आएको दाबी गरे ।

'आगामी आवको बजेटले नयाँ चरणको आर्थिक सुधारको प्रयास गरेको छ । हाम्रो भौगोलिक अवस्थिति सुहाउँदो अर्थतन्त्र निर्माणका लागि कोसिस गर्ने र नयाँ चरणको आर्थिक सुधारका लागि सुझाव दिन उच्चस्तरीय कार्यदल गठन गर्ने नीति लिइएको छ', अर्थमन्त्री पुनले भने । आगामी आर्थिक वर्षको बजेटले आर्थिक सुधार सुझाव कार्यदल गठन गर्ने उल्लेख गरेको छ ।

नागरिकलाई केन्द्रमा राखेर बजेट ल्याएको दाबी पनि अर्थमन्त्री पुनले गरे । निजी क्षेत्र, प्रमुख प्रतिपक्षलेसमेत आशा जगाउने बजेट आएको भनेर प्रतिक्रिया दिएको उनको भनाइ छ । आम जनतामा आशा जगाउने गरी बजेट आएको छ । बजेटले उद्यमी व्यवसायी आशा जगाउने अपेक्षा गरेका छौँ । अर्थमन्त्री पुनले भने, 'देशभित्र अवसर हुँदाहुँदै पनि देश बाहिर जाने प्रवृति बढेको छ । सजिलै विदेशको बाटो रोज्ने भन्दा पनि मुलुकभित्रै केही काम गर्ने गरी युवामा आशा जगाउने गरी बजेट आएको छ ।'करका दर परिवर्तनका गर्दा पनि आवश्यकता र औचित्यका आधारमा गरिएको अर्थमन्त्री पुनको भनाइ छ । 'कुनैपनि व्यक्तिगत आग्रह, पूर्वाग्रह, भावनामा बगेर काम गर्दैनौँ भन्ने प्रतिबद्धताका साथ करका दरमा हेरफेर भएका छन्,' उनले भने ।

बजेटका प्राथमिकता र उद्देश्य धेरै तर्फ छर्ने भन्दा पनि कृषि, ऊर्जा, सूचनाप्रविधिलगायत क्षेत्रलाई प्राथमिकतामा राखेर आन्तरिक उत्पादन बढाउने नीति बजेटले अवलम्बन गरेको अर्थमन्त्री पुनले बताए । सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत अबको १० वर्षमा ३० खर्बको निर्यात पुर्‍याउने महत्वाकांक्षी योजना अघि सारेको र स्वदेशी उद्योग तथा उत्पादनलाई संरक्षण गर्ने नीति लिएको उनको भनाइ छ । स्वदेशी उत्पादनलाई प्राथमिकता दिने उद्देश्यले नै तयारी र कच्चा पदार्थमा दुई तहको भन्सार लगाउने नीति लिइएको पुनले बताए ।

## 'नयाँ बजेट कार्यान्वयन भएसँगै आर्थिक सुधारले गति लिने छ'

■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सदनमा प्रस्तुत आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमा भएसँगै आर्थिक सुधारका कार्यक्रमले गति लिने बताएका छन् । चौतारा अस्पतालको अत्याधुनिक भवन उद्घाटन गरेपछि प्रधानमन्त्रीले उत्पादन, उत्पादकत्व र रोजगारी प्रवर्द्धन गर्नेगरी आगामी आवको बजेट सार्वजनिक गरिएको बताए ।

'गणतन्त्र स्थापनापछि धेरै उपलब्धि हासिल गरेका छौँ, पूर्वाधारदेखि शिक्षा स्वास्थ्यलगायत सार्वजनिक क्षेत्रसम्म गुणात्मक परिवर्तन भएको छ,' प्रधानमन्त्रीले भने, 'सदनमा प्रस्तुत बजेटले नेपाल अब आर्थिक सुधारको नयाँ चरणमा प्रवेश गरेको घोषणा गरेको छ ।' उनले नीति कार्यक्रम र बजेटमार्फत जनताको जीवनस्तरमा सुधार ल्याउने र परिवर्तनलाई तल्लो तहका जनताले अनुभूत गर्ने किसिमले संघीय सरकारले रणनीतिक महत्वका कार्यक्रम अघि सारेको जानकारी दिए ।

'प्रदेश सरकारका नीति तथा कार्यक्रममार्फत पनि तिनै विषयलाई प्राथमिकतामा राखेको छ । त्यसैले व्यवस्था मात्र परिवर्तन भयो, अवस्था उस्तै छ भन्ने भाष्य क्रमशः परिवर्तन हुँदैछ,' प्रधानमन्त्री दाहालले भने । उनले पछिल्ला दिनहरूमा अस्पतालको सेवाप्रवाहमा गुणात्मक परिवर्तन आएको बताए ।

देशका नागरिक स्वस्थ हुनु भनेको अर्थतन्त्र र समाज स्वस्थ हुनु हो भन्दै प्रधानमन्त्री दाहालले स्वस्थ नागरिकबाटै समृद्धिको सपना साकार हुने विश्वास व्यक्त गरे । 'शारीरिक तथा मानसिकरूपमा सबल, सक्षम र स्वस्थ नागरिकहरूको प्रयत्नबाट मात्र कतिपय देशहरू हरेक क्षेत्रमा फड्को मार्न सफल भएका छन्,' प्रधानमन्त्रीले भने, 'यही वास्तविकतालाई मनन गर्दै स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्दै आएका छौँ र गणतन्त्र प्राप्तिको छोटो अवधिमा स्वास्थ्य सूचकांकहरूमा उल्लेख्य सुधार भएको छ ।'

विसं २०७२ को भूकम्पले धराशायी भएका



भौतिक संरचना तथा चौतारा अस्पतालका संरचना पुनःनिर्माण प्रक्रिया अघि बढाएको स्मरण गर्दै प्रधानमन्त्री दाहालले नयाँ भवन निर्माण भएसँगै अस्पतालको खुलाचौरमा त्रिपालभित्र उपचार गर्नुपर्ने बाध्यता अन्त्य भई सेवा प्रवाहमा सहज हुने विश्वास व्यक्त गरे ।

## सुधारोन्मुख अर्थतन्त्रलाई गति दिने लक्ष्य

■ रमेश लम्साल

**काठमाडौं–** सुधारोन्मुख अर्थतन्त्रलाई गति दिने र नागरिकमा नयाँ उत्साह पैदा गर्ने लक्ष्यका साथ सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ । बजेटले निर्माणाधीन ठूला आयोजनालाई पूरा गर्ने उद्देश्य राखेकाले नयाँ आयोजना यस पटक समावेश गरेको छैन ।

नयाँ आयोजना थप्ने तर निर्माणमा रहेका आयोजना पूरा नहुने अवस्थाको अन्त्यका लागि यस खालको प्रबन्ध गरिएको अर्थमन्त्री वर्षमान पुनको भनाइ छ । अर्थमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'बजेटमा हामीले के कोसिस गरेका छौँ भने नयाँ योजना ल्याउने पुराना छोडिदिने, अर्को (सरकार)ले स्वामित्व नलिने देखिएको थियो । त्यसको अन्त्य गर्न हामीले जो छिटो पूरा हुनेखालका छन्, ती आयोजनालाई पर्याप्त बजेट राखेका छौँ ।'

यसबाट पनि बजेटले लिएको दिशा प्रष्ट हुन जान्छ । आव २०८१/८२ का लागि सरकारले रु १८ खर्ब ६२ अर्ब ३० करोड बराबरको बजेट सार्वजनिक गरेको छ । चालु आवमा रु १७ खर्ब ५१ अर्ब बराबरको बजेट आएको थियो । त्यसमध्ये हालसम्ममा रु ११ खर्ब १५ अर्ब बराबरको खर्च भएको छ । पछिल्ला १० वर्षको बजेटलाई हेर्ने हो भने बजेटको आकारमा उल्लेख्य वृद्धि भएको छ । आव २०७२/७३ मा रु आठ खर्ब १९ अर्ब ४६ करोड ८८ लाख ८४ हजार बराबरको बजेट विनियोजन गरिएको थियो । आव २०८१/८२ मा आइपुग्दा आकार रु १० खर्बले बढेको छ । आव २०७३/७४ मा रु १० खर्ब ४८ अर्ब बराबरको बजेट प्रस्तुत भएको थियो ।

यस्तै, आव २०७४/७५ मा रु १२ खर्ब ७८ अर्ब, आव २०७५/७६ मा रु १३ खर्ब १५ अर्ब, आव २०७६/७७ मा रु १५ खर्ब ३२ अर्ब, आव २०७७/७८ मा रु १४ खर्ब ७४ अर्ब, आव २०७८/७९ मा रु १६ खर्ब, आव २०७९/८० मा रु १७ खर्ब ९३ अर्ब बराबरको बजेट प्रस्तुत गरिएको थियो ।

सरकारको नियमित काम कारबाहीका रूपमा हरेक जेठ १५ गते बजेट सार्वजनिक गर्ने गरी संवैधानिक प्रावधान राखिएको छ । यो नेपालको हकमा मौलिक परम्परा पनि हो । बजेटले स्पष्ट शब्दमा आर्थिक सुधार आयोग गठन गर्ने विषय समावेश गरेको छ । यसले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि 'प्रेस्किप्सन' दिने छ । निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्ने अर्थमन्त्री पुनको भनाइ छ । निजी क्षेत्रले लामो समयदेखि माग गर्दै आएको नीतिगत विषयलाई स्पष्टरूपमा सम्बोधन गरिएको छ ।

सडक, पूर्वाधार, पुललगायतका पूर्वाधार विकासमा राज्य एक्लैले खर्च गर्न सक्ने अवस्था छैन । अर्थतन्त्रमा निजी क्षेत्रको हिस्सा झण्डै ७५ प्रतिशत छ । ठूलो हिस्सा भएको क्षेत्रसँग मिलेर काम गर्ने मन्त्री पुनको सन्देशले पक्कै लगानीकर्ता र उद्योगीमा नयाँ विश्वासको आधार तयार हुनेछ । मंगलबार बजेट सार्वजनिक भएलगत्तै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीमैत्री बजेट आएको प्रतिक्रिया दिएका थिए । उनले विद्यमान आर्थिक समस्या समाधान र नयाँ चरणको सुधारका लागि उच्चस्तरीय आयोगको माग गरेको र सोही अनुसारको आयोग बन्ने र बजेटले सुधार वर्ष घोषणा गरेकाले बजेट स्वागतयोग्य रहेको बताएका थिए ।

यसबाट निजी क्षेत्रले बजेटलाई पूर्णरूपमा स्वागत गरेको अर्थमा लिन सकिन्छ । गतवर्ष सुरु गरिएका आर्थिक सुधारका उपलब्धिलाई संस्थागत गर्दै बदलिँदो विश्व अर्थव्यवस्था र नेपालको वस्तुगत आवश्यकतालाई दृष्टिगत गरेर अर्थतन्त्रलाई सबल र उत्थानशील बनाउन आवश्यक ठानेको उनले जानकारी दिए । संविधानको परिकल्पनाअनुसार राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणका लागि नयाँ चरणको आर्थिक सुधार आवश्यक देखिएको विषयलाई बजेटले प्राथमिकतामा राखेर नयाँ सन्देश दिन खोजेको छ ।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न र आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउन आगामी आवलाई आर्थिक सुधारको वर्षको रूपमा बजेटले सम्बोधन गरेको छ । बजेटले सुशासन, सामाजिक न्याय र समृद्धिको सोचसहितको १६ औं योजनाले तय गरेको लक्ष्य हासिल गर्न विशेष व्यवस्था गरेको छ ।

आवको बजेटले उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु, निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि गर्नु र आर्थिक क्रियाकलापलाई तीव्रता दिने लक्ष्य र प्राथमिकता निर्धारण गरेको छ । मानव संसाधन विकास गर्नु, स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढंगले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु बजेटको उद्देश्य छ । बजेटले विशेष गरी पाँचवटा प्राथमिकता निर्धारण गरेको छ ।

त्यसमा आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, समावेशीता र सामाजिक सुरक्षा, र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार समेटिएका छन् । बजेटले पाँच रूपान्तरणकारी क्षेत्र निर्धारण गरेको छ । त्यसमा कृषि क्षेत्र रूपान्तरण, ऊर्जा क्षेत्र विकास, सूचना प्रविधि विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता र औद्योगिक विकास समावेश छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा वित्तीय समानीकरण अनुदान प्रदेशको लागि रु छ अर्ब र स्थानीय तहको लागि रु ८८ अर्ब हस्तान्तरण गरिनेछ । त्यसले प्रदेश र स्थानीय तह थप सबल हुनेछ ।

यस्तै, प्रदेशका लागि सशर्त अनुदानतर्फ रु २५ अर्ब ८४ करोड र स्थानीय तहको लागि रु दुई खर्ब आठ अर्ब ८८ करोड गरी जम्मा रु दुई खर्ब ३४ अर्ब ७३ करोड हस्तान्तरणको लागि विनियोजन गरिएको छ । त्यसले विकास निर्माणको क्षेत्रमा थप महत्वपूर्ण काम गर्नेछ । प्रदेश र स्थानीय तहलाई पूर्वाधारका आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान क्रमशः रु छ अर्ब र रु सात अर्ब विनियोजन गरिएको छ । विशेष अनुदान प्रदेशको लागि रु चार अर्ब र स्थानीय तहको लागि रु आठ अर्ब विनियोजन गरिएको छ ।सशर्त, समपूरक र विशेष अनुदान कार्यसम्पादनका आधारमा हस्तान्तरण गरिने भएको छ । त्यस्तै, प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटबाट रु एक खर्ब ५९ अर्ब हस्तान्तरण हुनेछ । राजस्व बाँडफाँट र अनुदान गरी प्रदेश र स्थानीय तहमा आगामी आव रु पाँच खर्ब ६७ अर्ब बराबरको बजेट पुग्नेछ ।

अर्थमन्त्री पुनले प्रस्तुत गरेको बजेटमा शिक्षा क्षेत्रले विशेष प्राथमिकता पाएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई रु दुई खर्ब तीन अर्ब ६६ करोड बराबर बजेट पाएको छ । यस्तै, शान्ति सुरक्षालगायतको काम गर्ने गृह मन्त्रालयले रु एक खर्ब ९९ अर्ब २४ करोड बराबरको बजेट पाएको छ । यसैगरी, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रु एक खर्ब ५० अर्ब ५३ करोड बराबरको बजेट प्राप्त गरेको छ ।

सहरी विकास मन्त्रालयले रु ९२ अर्ब ६३ करोड बराबरको बजेट पाउँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रु ५७ अर्ब २९ करोड बराबरको बजेट प्राप्त गरेको छ । ऊर्जा क्षेत्र विकासका लागि रु ५० अर्ब ७४ करोड बजेट प्राप्त गर्दा जलस्रोत तथा सिँचाइतर्फ रु ३६ अर्ब ८१ करोड विनियोजन भएको छ ।

सरकारले बूढीगण्डकी, नलगाड, दूधकोशीजस्ता ठूला आयोजनाको निर्माण सुरु गर्ने स्पष्ट शब्दमा घोषणा गरेको छ । लामो समयदेखि चर्चामा रहेका यी आयोजनाको निर्माणपछि मुलुकको भौतिक विकासको क्षेत्रले नयाँ फड्को मार्नेछ ।

मुलुकको वास्तविक अवस्था विश्लेषण गरेर सुधारको बाटो समात्ने गरी बजेट ल्याएको अर्थमन्त्रीको भनाइले पनि वास्तविकतालाई थप आत्मसात् गरिएको प्रष्ट हुन जान्छ । उनले आज आयोजित पत्रकार सम्मेलनमा भने, 'आगामी आवको बजेटले नयाँ चरणको आर्थिक सुधारको प्रयास गरेको छ । हाम्रो भौगोलिक अवस्थिति सुहाउँदो अर्थतन्त्र निर्माणका लागि कोसिस गर्नेछ ।' आगामी आवको बजेटले आर्थिक सुधार सुझाव कार्यदल गठन गर्ने उल्लेख गरेको छ । *रासस*

## मुक्तिनाथ र दीर्घायु अस्पतालबीच सम्झौता

**काठमाडौं (प्रस)–** पोखराको 'दिर्घायु पोखरा अस्पताल'मा मुक्तिनाथ विकास बैंकका ग्राहकहरूले विशेष छुट पाउने भएका छन् । मुक्तिनाथ विकास बैंक लि.ले आफ्नो ग्राहकहरूलाई थप सेवा दिन कास्कीको पोखरा-८, पृथ्वीचोकमा रहेको दिर्घायु पोखरा अस्पतालसँग छुट प्रदान गर्ने गरी व्यवसायिक सम्झौता गरेको हो । यस व्यवसायिक सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका ग्राहकहरूले अस्पतालको विभिन्न सेवाहरू जस्तै अपरेसन, प्रयोगशाला, एक्स-रे, औषधी , आदिमा विशेष २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटिएम प्रयोग गरी नेपालभरी रहेको भिजा नेटवर्कमा आवद्ध अन्य जुन सुकै बैंकको एटिएम मेसिन बाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ । त्यसै




गरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिंग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिंग, खाता मै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिंग (बचत सेवाको लागि: ९८०१११००२२, कर्जा सेवाको लागि: ९८०१११००२३) आदि जस्ता सेवाहरू बैंकको शाखामा भौतिक रूपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको पनि बैंकले जनाएको छ ।


**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरंग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ